# मरिण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

मरिण गाउँपालिका

# दोस्रो गाउँसभा सातौं अधिवेशनमा प्रस्तुत

## आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम

**सम्मानित सभामा उपस्थित उपाध्यक्षज्यू,**
**सम्मानित सभा सदस्यज्यूहरू,**

मरिण गाउँपालिकाको अध्यक्षको हैसियतले यो गरिमामय सभालाई चौथो पटक सम्बोधन गर्न पाउँदा म गौरवान्वित छु । यो अवसरमा, म सर्वप्रथम नेपाली जनताको स्वतन्त्रता, नागरिक सर्वोच्चता, लोकतन्त्र, समृद्धि र शान्तिका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन र मधेस आन्दोलनमा अमूल्य जीवन बलिदान गर्नुहुने वीर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते र बेपत्ता योद्धाहरूप्रति सम्मान प्रकट गर्दै, परिवर्तनको नेतृत्व गर्ने श्रद्धेय नेताहरू र सम्पूर्ण नेपाली जनताप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

नेपालले एकात्मक राजतन्त्र, राणा शासन, पञ्चायती व्यवस्था हुँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्मको यात्रा तय गरेको छ । जनताको बलिदान र सङ्घर्षको उपजस्वरूप आज हामी समावेशी संविधान र तीन तहको सङ्घीय शासन प्रणाली मार्फत समुन्नत नेपाल निर्माणको दिशामा अघि बढिरहेका छौं । मरिण गाउँपालिकाले पनि सङ्घीयताको मर्मअनुरूप सिंहदरबारको अधिकार गाउँ-गाउँसम्म पुर्याउन अथक प्रयास गरिरहेको छ । यसमा मरिणवासी नागरिक, राजनीतिक दल र सरोकारवालाहरूको अमूल्य साथ र सहयोगप्रति हृदयदेखि आभार व्यक्त गर्दछु ।

पछिल्ला सात वर्षमा भूकम्प, कोभिड-१९, डेङ्गी जस्ता प्राकृतिक र मानवीय प्रकोपले हाम्रो अर्थतन्त्रमा गम्भीर चुनौती थपेका छन् । यस्तो विषम परिस्थितिमा पनि मरिण गाउँपालिकाले सीमित स्रोत-साधनको अधिकतम उपयोग गर्दै आर्थिक पुनरुत्थान, सुशासन, विकास निर्माण, सेवा प्रवाहमा सरलीकरण र सामाजिक न्यायको प्रवर्द्धनमा अग्रसर छ । हाम्रा नीतिगत प्राथमिकताहरूमा मितव्ययिता, पूँजीगत खर्च वृद्धि, गुणस्तरीय पूर्वाधार, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना, पर्यावरण सन्तुलन, गरिबी निवारण र समावेशी विकास छन् ।

हाम्रो नारा **“समृद्ध मरिण, खुशी मरिणवासी”** लाई साकार पार्न हामीले हरेक विकास कार्यलाई उत्पादन र रोजगारीसँग जोड्ने नीति अवलम्बन गरेका छौं ।

किसान, बेरोजगार, मजदुर, पछाडि परेका वर्ग र समुदायलाई विशेष प्राथमिकता दिँदै स्रोत-साधनको परिचालन गरिनेछ। तीन तहका सरकारबीच समन्वय, सहकार्य र सह-अस्तित्वको सिद्धान्तमा आधारित रहेर दोहोरोपन हटाई प्रभावकारी योजना कार्यान्वयन गरिनेछ ।

सार्वजनिक खर्चमा पारदर्शिता, सूचना प्रविधिमा आधारित आर्थिक प्रशासन र प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै हामी पुँजीगत खर्च वृद्धिमा जोड दिनेछौं । विश्वव्यापी आर्थिक मन्दीको प्रभावलाई न्यूनीकरण गर्न मरिण गाउँपालिकाको नीति, कार्यक्रम र बजेटले महत्त्वपूर्ण योगदान पुर्याउने विश्वास लिएको छु।

**सम्मानित सभा सदस्यज्यूहरू,**

मरिणवासीको आकाङ्क्षा र गाउँपालिकाको हितलाई सम्बोधन गर्न आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु । यो नीति तथा कार्यक्रमले समृद्ध मरिण निर्माणको हाम्रो साझा संकल्पलाई मूर्त रूप दिने दिशामा मार्गनिर्देश गर्नेछ ।

## क्षेत्रगत नीति तथा आधारहरु:

### आर्थिक विकास सम्बन्धी नीति:

### कृषि तथा पशुपंक्षी विकास:

**"कृषि, पशुपालन र पूर्वाधार: मरिण गाउँपालिका विकासको आधार"** भन्ने दीर्घकालीन सोचलाई साकार पार्न निम्नानुसारको नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ ।

१. गाउँपालिकाभित्र सञ्चालित व्यवसायिक फार्महरूलाई व्यवस्थित गर्दै दर्ता, नवीकरण र सञ्चालनमा जोड दिइनेछ । सहकारी वा कृषक समूह मार्फत बीउ, कृत्रिम गर्भाधान र अन्य सेवाहरूको सहज पहुँच सुनिश्चित गरिनेछ ।

२. दूध, दुग्धजन्य पदार्थ, भैंसीको मासु र अण्डामा आत्मनिर्भर बन्दै निर्यातलाई प्रोत्साहन गर्न व्यवसायिक भैंसी, पाडा र कुखुरापालन व्यवसायलाई प्राथमिकता दिइनेछ ।

३. वित्तीय पहुँच नभएका किसानका लागि बिनाधितो र सरल प्रक्रियामा रु. २ लाखसम्मको सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन वित्तीय संस्थासँग समन्वय गरिनेछ। सहुलियतपूर्ण कृषि कर्जालाई व्यबस्थित रुपमा अगाडि बढाउन सहजिकरण गरिने छ । दुग्ध क्षेत्रमा केन्द्रित नयाँ सहकारी दर्ता र सञ्चालनलाई सहज बनाइनेछ।

४. वडा नं. ६, नयाँ बस्तीमा रहेको कृषि उपज संकलन केन्द्र, कोशेली घर, पशु बधशाला र बाख्रा संकलन केन्द्रलाई सुदृढीकरण गरी सुविधा सम्पन्न बनाइनेछ। **"एक टोल एक सामूहिक उत्पादन, एक वडा एक विशेष उत्पादन"** कार्यक्रम मार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माण गरिनेछ।

५. जलवायु र माटोको उर्वरताको अध्ययन गरी बालीका पकेट क्षेत्र निर्धारण गरिनेछ । **"एक वडा एक उत्पादन"** र **"एक गाउँ एक पकेट"** कार्यक्रमलाई संघ र प्रदेश सरकारसँगको सहकार्यमा निरन्तरता दिइनेछ । वडा नं. २, सिन्दुरे दोभानमा वृहत् माछा पालन व्यवसायलाई प्राथमिकता दिइनेछ ।

६. पशु उपचार केन्द्रलाई आधारभूत प्रयोगशाला सहितको पशु सेवा केन्द्रका रूपमा स्तरोन्नति गरिनेछ । पशु स्वास्थ्यका लागि घुम्ती शिविर, निःशुल्क औषधि वितरण र बाली/पशु बीमा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

७. पशुजन्य उत्पादनको लागत घटाउन घाँसमा आधारित पशुपालनलाई जोड दिइनेछ । उन्नत जातको बंगुर, बाख्रा र घाँस स्रोत केन्द्र स्थापना गरी पशु आहारको सहज पहुँच सुनिश्चित गरिनेछ ।

८. मरिणको पहिचानका रूपमा माछा र तामाको व्यवसायिक उत्पादनलाई ब्रान्डिङ गरी बजारीकरणमा जोड दिइनेछ ।

९. साझेदार संस्थासँगको सहकार्यमा कृषि एम्बुलेन्सलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ । प्रत्येक वडामा कृषि/पशु प्राविधिकको व्यवस्था गरी सेवा केन्द्र सञ्चालन गरिनेछ ।

१०. उत्पादन र उत्पादकत्व वृद्धिसँग सम्बन्धित अनुदान कार्यक्रम मार्फत गरिबी न्यूनीकरणमा प्रभावकारी योगदान पुऱ्याइनेछ । संघीय सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गतको **"मरिण कृषि विकास, खाद्य सुरक्षा र पशुधन सहयोग कार्यक्रम"**लाई गरिबी न्यूनीकरणको केन्द्रविन्दु बनाउँदै, मरिण समृद्धिको बाटोमा अग्रसर गराइनेछ।

११. **"कृषिमा आत्मनिर्भरता, किसानको आत्मसम्मान"** नारासहित कृषिलाई प्रविधियुक्त र आधुनिक बनाइनेछ । बाँझो जग्गा उपयोगका लागि नीतिगत व्यवस्था गरी व्यवसायिक कृषि र पशुपालनलाई प्रोत्साहन गरिनेछ ।

१२. वृहत् कृषि र उद्यम विकास परियोजनाका लागि आवश्यक बजेट व्यवस्थापन गरी रोजगारी सिर्जना, पूर्वाधार निर्माण, खानेपानी र विद्युतमा सहज पहुँच सुनिश्चित गरिनेछ।

१३. बाहिरी जिल्लाबाट आयात हुने तरकारी लगायत कृषिजन्य उपजमा नियमन गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गरिनेछ।

१४. **"एक टोल एक सिंचाइ संरचना"** निर्माणलाई प्राथमिकता दिई लिफ्ट सिंचाइ, प्लास्टिक पोखरी र कुलो निर्माण तथा मर्मत गरिनेछ । सिंचाइ र खानेपानीका लागि विद्युत महसुल निःशुल्क गरिनेछ।

१५. वास्तविक व्यवसायिक कृषकलाई उत्पादन र बिक्रीमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिई गरिबी निवारणमा योगदान पुऱ्याइनेछ। उत्कृष्ट कृषक पुरस्कार र किसान पेन्सन कार्यक्रम लागू गरिनेछ ।

१६. कृषिमा यान्त्रीकरणलाई प्रोत्साहन गर्न लागत सहभागितामा आधारित आधुनिक कृषि यन्त्र अनुदानमा उपलब्ध गराइनेछ। डिजिटल एपमार्फत कृषि र पशुपालन सेवालाई प्रविधिमैत्री बनाइनेछ।

मरिण गाउँपालिका

१७. माटो परीक्षण ल्याब स्थापना गरी माटो उपचार अभियान सञ्चालन गरिनेछ। रासायनिक मल र विषादीको प्रयोग न्यूनीकरण गरी प्राङ्गारिक मल कारखाना स्थापना र जैविक उत्पादन क्षेत्र निर्धारण गरिनेछ।

१८. खाद्यान्नमा आत्मनिर्भरता हासिल गर्न मुख्य खाद्यान्न बालीको बीउ उत्पादन र धान प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । रैथाने बालीको संरक्षण र उपयोगमा जोड दिइनेछ।

१९. बागमती प्रदेशस्तरीय प्राकृतिक स्रोत व्यवस्थापन कलेजसँग सहकार्य गरी कृषकको क्षमता विकास र प्राविधिक सहयोग प्रदान गरिनेछ। बाली उपचार शिविर, कृषक पाठशाला र प्राङ्गारिक मल सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

२०. तेलहन, कफी, जुनार, कागतीजस्ता नगदेबाली र बगैंचा व्यवस्थापनलाई प्राथमिकता दिइनेछ। कृषिलाई पर्यटनसँग जोडेर कृषि पर्यटन क्षेत्र विकास गरिनेछ।

२१. बालीमा लाग्ने रोग-किरा व्यवस्थापनका लागि रासायनिक विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै पर्यावरणमैत्री ल्युर, जैविक विषादी र आधुनिक प्रविधिको उपयोगमा जोड दिइनेछ। यसका लागि कृषकहरूलाई तालिम, प्राविधिक सहयोग र आवश्यक सामग्री उपलब्ध गराई प्रभावकारी नियन्त्रण सुनिश्चित गरिनेछ।

२२. बाँझो जग्गा उपयोग र खण्डीकरण रोक्न नीतिगत व्यवस्था लागू गरिनेछ। गह्रा सुधार कार्यक्रम मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ।

२३. एकीकृत कृषि तथा पशुपन्छी फार्म र सामुदायिक बीउ बैंक स्थापना गरी बीउको सहज पहुँच सुनिश्चित गरिनेछ। वडा नं. ३, पिर्थेबारीमा रहेको दाना उद्योगको क्षमता वृद्धि गरी सबै किसानको पहुँचमा पुऱ्याइनेछ ।

२४. च्याउ, मौरी र रेशमखेतीलाई प्रोत्साहन दिँदै ग्रामीण अर्थतन्त्रको आधार बलियो बनाइनेछ। यी खेतीलाई आधुनिक प्रविधि, तालिम र बजारसँग जोडेर किसानको आयआर्जनमा वृद्धि गरिनेछ।

२५. स्थानीय आर्थिक विकास रणनीति योजना तयार गरी कृषि, उद्यमशीलता र व्यवसायीकरणलाई प्रवर्द्धन गरिनेछ । वृहत् कृषि तथा उद्यम विकास परियोजना सञ्चालन गरिनेछ ।

२६. **"कुटो कोदालो औजार छ हातमा, मरिण सरकार छ किसानको साथमा"** नारालाई कार्यान्वयन गर्दै किसानलाई कृषिप्रति आकर्षित र समर्पित गराउन तालिम, सचेतना र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

## पर्यटन प्रवर्द्धन तथा संस्कृतिः

२७. मरिण गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा रहेको ऐनिहासिक, साँस्कृतिक महत्व बोकेको पञ्चकन्या पोखरीको संरक्षण एवं प्रवर्द्धन गर्न र मरिण गाउँपालिकालाई पर्यटन हवको रुपमा विकास गर्न पर्यटन विकास बोर्ड गठन गरी आन्तरिक आय वृद्धि गर्ने नीति लिईनेछ ।

२८. मरिण गाउँपालिकाको प्रमुख पर्यटकीय स्थल पञ्चकन्या पोखरीको पूर्वाधार निर्माणलाई निरन्तरता दिई पर्यटकीय गुरुयोजना तयार गरिनेछ। पञ्चकन्या पोखरी परिसरमा पञ्चकन्याको प्रतिमा स्थापना, पिकनिक स्थल, बाल उद्यान, माझी राष्ट्रिय संस्कृति संग्रहालय, चिडियाखाना र जैविक जलचर व्यवस्थापन गरी पर्यटन प्रवर्द्धन गरिनेछ।

२९. पशुपति मन्दिर, देउराली बुद्ध पार्क, दरबार डाँडा, टुँडिखेल दरबार, चनौटे दरबार, धुरीढुंगा, कपिलेश्वर दरबार, साँङाछोइलिङ गुम्बा, पाँचतले झरना र अन्य ऐतिहासिक पोखरी तथा दरबारहरूको संरक्षण र विकासका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

३०. वडा नं. ०६ देउरालीमा वृहत् तामाङ साँस्कृतिक संग्रहालय स्थापना र **"एक वडा एक गुम्बा"** निर्माण गरिनेछ । साथै, तामाङ भाषा, लिपि र संस्कृतिलाई स्थानीय पाठ्यक्रममा समावेश गरी संरक्षण र प्रवर्द्धन गरिनेछ।

३१. मगर, माझी, थामी, हायु र नेवार समुदायको कला, संस्कृति, रीतिरिवाज, भाषा, र भेषभूषालाई पर्यटकीय आकर्षणको रूपमा संरक्षण र विकास गरिनेछ । मगर

विहार निर्माण र स्थानीय भाषाहरूलाई विद्यालयमा पठनपाठनमा समावेश गरिनेछ।

३२. ऐतिहासिक र पर्यटकीय क्षेत्रहरूमा पदमार्ग निर्माण गरी स्थानीय कला, संस्कृति, भाषा र भेषभूषाको संरक्षण र प्रवर्द्धन गरिनेछ।

३३. प्रत्येक वडामा कम्तीमा एक पर्यटकीय क्षेत्र पहिचान र विकास गरी पर्यटनलाई आर्थिक गतिविधि, रोजगारी र स्थानीय उत्पादनसँग जोडिनेछ । साथै, नमूना गाउँ र टोल विकास कार्यक्रम सञ्चालन गरी होम-स्टे प्रवर्द्धन गरिनेछ ।

३४. मरिण गाउँपालिका वडा नं. ०१ स्थित मधुवनीबाट प्याराग्लाइडिङ सुरु गरी मरिण फाँटमा अवतरण हुने व्यवस्था सहित सो क्षेत्रलाई आकर्षक र सम्भावनायुक्त पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने नीति अपनाइनेछ। स्थानीय प्राकृतिक सौन्दर्य, भौगोलिक बनावट र साहसिक पर्यटनको सम्भावनालाई आधार बनाएर आवश्यक पूर्वाधार निर्माण, प्रचारप्रसार तथा निजी क्षेत्रसँगको सहकार्य मार्फत यस क्षेत्रको पर्यटन प्रवर्द्धन गरिनेछ।

३५. विभिन्न जातजातिका विशिष्ट साँस्कृतिक पर्वहरूको संरक्षण, सम्मान र प्रवर्द्धन गरिनेछ। साँस्कृतिक विविधता नै यस गाउँपालिकाको पहिचान र सामाजिक एकताको आधार भएकाले स्थानीय जातजातिका परम्परा, रीतिरिवाज, चाडपर्व र साँस्कृतिक गतिविधिहरूको संरक्षण एवं विकासलाई प्राथमिकतामा राखिनेछ। पर्व तथा साँस्कृतिक कार्यक्रमहरूको आयोजना, प्रचारप्रसार र निरन्तरताका लागि गाउँपालिकाबाट आवश्यक सहयोग प्रदान गरिनेछ ।

**उद्योग, वाणिज्य तथा बजार व्यवस्थापनः**

३६. व्यापार तथा व्यवसायलाई विविधिकरण गर्दै मरिण गाउँपालिकामा आधुनिक सुपरमार्केट स्थापना गर्ने नीतिगत व्यवस्था गरी सो अवधारणा कार्यान्वयनमा ल्याइनेछ। साथै, सुपथ मूल्य पसल सञ्चालन गर्न इच्छुक सहकारी संस्थालाई विशेष सहुलियत प्रदान गर्ने व्यवस्था गरिनेछ।

३७. मरिण गाउँपालिका वडा नं. ०३ स्थित भालुमारामा औद्योगिक ग्राम स्थापना गर्न प्रदेश सरकारसँग समन्वय गरी आवश्यक पहल गरिनेछ। साथै, स्थानीय कच्चा

पदार्थको प्रयोगमा आधारित लघु तथा घरेलु उद्योग स्थापना गर्न सहजीकरण र प्रोत्साहन गर्ने नीति लिइनेछ ।

३८. गाउँपालिकाका नागरिकमा वित्तीय पहुँच अभिवृद्धि गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई मरिणमा आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ ।

३९. गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने साप्ताहिक तथा मासिक हाटबजारलाई व्यवस्थित गर्दै पसल, रेष्टुराँ, होटल तथा लजहरूमा दैनिक मूल्य सूची उपभोक्ताले सहजै देख्न सक्ने गरी राख्ने व्यवस्था कडाइका साथ कार्यान्वयन गरिनेछ।

४०. प्रचलित कानून बमोजिम दर्ता नभएका सबै व्यवसायहरूलाई अनिवार्य रूपमा दर्ता गराई करको दायरामा ल्याइनेछ। साथै, घरभाडा वा बहाल सम्बन्धी सम्झौता अनिवार्य गराई घरबहाल कर संकलन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

## भूमि व्यवस्थाः

४१. गाउँपालिकाभित्र बसोबास गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूलाई निस्सा कार्ड प्रदान गरी प्रचलित कानून अनुसार यथाशीघ्र ऐलानी जग्गाको नापजाँच र वर्गीकरण गरी जग्गाधनी पूर्जा उपलब्ध गराइनेछ ।

४२. सम्बन्धित निकायसँग समन्वय गरी गाउँपालिकाबाटै भूमि प्रशासन सम्बन्धी सेवा र जग्गाको नक्सा प्रिन्ट सुविधा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ।

४३. Total Station र DGPS जस्ता आधुनिक प्रविधिको अधिकतम उपयोग गरी ऐलानी जग्गाको नापजाँच कार्यलाई तीव्र र प्रभावकारी रूपमा अगाडि बढाइनेछ।

४४. मरिण गाउँपालिका क्षेत्रभित्रका राजमार्ग, शाखा सडक, प्लटिङ क्षेत्र, ग्रामीण कृषि सडक, खेतीयोग्य धानखेत र बारीयोग्य भीरजग्गाको वडा, ब्लक र क्षेत्रफल खुलाई वैज्ञानिक तवरले जग्गा वर्गीकरण गरी न्यूनतम मूल्य निर्धारण गरिनेछ।

## सहकारीः

४५. सहकारीमैत्री नीति, ऐन, नियमावली, कार्यविधि तथा सम्बन्धित कानुनहरूको तर्जुमा, परिमार्जन, नियमन, अनुगमन, निरीक्षण र पृष्ठपोषण गरिनुका साथै सहकारी संघ/संस्थाहरूलाई एकीकरण तथा दक्षतापूर्वक सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ। सहकारीहरूको प्रभावकारिता अभिवृद्धि गर्न नियमित अनुगमन र नियमनको व्यवस्था गरिनेछ।

४६. कृषि उत्पादन, प्रशोधन, बजारीकरण र प्रवर्द्धनमा सहकारीको भूमिका सशक्त बनाइनेछ। सहकारी मार्फत स्थानीय स्रोत, साधन, सीप र पुँजीको अधिकतम परिचालन गरी आर्थिक तथा सामाजिक रूपान्तरणको दिशा तय गरिनेछ।

४७. सामाजिक सुरक्षा भत्ता लगायत विभिन्न सेवा तथा सुविधाहरू सहकारी संस्था मार्फत वितरण गर्न पहल गरिनेछ। सहकारीलाई उत्पादन र श्रम क्षेत्रसँग जोड्ने नीति अवलम्बन गरिनेछ।

४८. खेतीयोग्य बाँझो जमिनको सदुपयोग गर्दै सहकारी मार्फत सामूहिक तथा व्यावसायिक खेती सञ्चालन गर्न पहल गरिनेछ ।

४९. गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि, संस्थागत सुदृढीकरण तथा मानव संसाधन विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५०. सहकारीको माध्यमबाट स्वरोजगार तथा रोजगारीका अवसर सिर्जना गरिनेछ। प्रत्येक वडामा श्रम सहकारी स्थापना गरी कम्तीमा ५० जनालाई नियमित रोजगारीको प्रत्याभूति दिने नीति तत्काल लागू गरिनेछ। प्रतिस्पर्धी बजारको माग अनुसार दक्ष जनशक्ति उत्पादनमा विशेष जोड दिइनेछ।

५१. समान प्रकृति र उद्देश्य भएका सहकारी संस्थाहरूलाई एकीकृत गरी दक्षतापूर्वक सञ्चालन गर्न सहजीकरण गरिनेछ। रुग्ण अवस्थामा रहेका सहकारीहरूलाई पुनःसंरचना, एकीकरण, विघटन वा खारेजीको नीति अनुरूप व्यवस्थापन गरिनेछ। संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी सहकारी बोर्डको अवधारणा मार्फत तीन खम्बे आर्थिक नीति अनुरूप सहकार्य गरिनेछ।

५२. सहकारीका अद्यावधिक विवरण संकलन, नविकरण र अनुगमनलाई व्यवस्थित गर्दै, सदस्य र कर्मचारीलाई लेखा व्यवस्थापन, नेतृत्व र सूचना प्रविधि तालिम प्रदान गरिनेछ । साथै, डिजिटल लेखा प्रणाली र मोबाइल एपमार्फत सेवा सञ्चालनमा सहजीकरण गरिनेछ ।

## उद्यमशीलता विकासः

५३. निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन गरी स्थानीय रोजगारी र आर्थिक गतिविधि वृद्धि गर्न लघु, साना र मझौला उद्योगहरूको स्थापना र विकासमा जोड दिइनेछ । लघु उद्यम विकास कार्यक्रम मार्फत प्रत्येक घरमा कम्तीमा एक लघु उद्यम स्थापना गरी गरिबी न्यूनीकरण गरिनेछ ।

५४. **"कृषिमा उद्यमशीलताः आजको आवश्यकता"** नारालाई आत्मसात् गर्दै कृषिको आधुनिकीकरण र औद्योगिकीकरणमा जोड दिइनेछ । बगर खेती कार्यक्रमलाई विस्तार गरी प्रभावकारी बनाइनेछ । कृषि क्षेत्रको अर्धबेरोजगारी हटाउन युवा-युवतीलाई सीपमूलक र रोजगारमूलक तालिम प्रदान गरिनेछ ।

५५. वन पैदावार र कच्चा पदार्थमा आधारित काष्ठ उद्योग लगायत अन्य उद्योगलाई प्राथमिकता दिइनेछ । स्थानीय स्रोतमा आधारित व्यवसायलाई प्रोत्साहन र सहुलियतपूर्ण कृषि कर्जा उपलब्ध गराइनेछ ।

५६. प्रत्येक वडामा उद्यमीहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । पारदर्शी रूपमा अनुदान प्रदान गरिनेछ र लघु तथा घरेलु उद्योग सञ्चालनलाई सरल बनाउन नीति एवं आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

५७. उद्यमीहरूले उत्पादन गरेका वस्तुको सङ्कलन र बजारीकरणका लागि साझा सुविधा केन्द्र (कोसेली घर) प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । दुग्धजन्य उत्पादन (दही, छुर्पी, पनीर, खुवा, घिउ, चिज) को विविधीकरण र बजारीकरणमा जोड दिइनेछ। न्यूनतम समर्थन मूल्य निर्धारण गरी उत्पादक र उपभोक्ता दुवैलाई लाभ पुऱ्याइनेछ।

५८. **"एक वडा, एक उत्पादन"** नीति कार्यान्वयन गरी वैदेशिक रोजगारीलाई निरुत्साहित र स्थानीय स्वरोजगारी सिर्जना गरिनेछ । वडा नं. ५ मा गार्मेन्ट

उद्योग र वडा नं. ३ मा गलैंचा उद्योगको निरन्तरताका लागि आवश्यक सहयोग गरिनेछ।

५९. सालको दुना-टपरी र बाँसजन्य हस्तकला उत्पादनलाई प्रोत्साहन दिइनेछ । सरकारी कार्यक्रममा प्लास्टिकको सट्टा सालको दुना, टपरी र बोहतीको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

६०. सङ्घीय सरकार र बागमती प्रदेश सरकारसँग समन्वय गरी लघु उद्यम विकास कार्यक्रम प्रभावकारी बनाइनेछ । प्रविधि र बीउ पुँजी हस्तान्तरणमा उद्यमीको न्यूनतम २०% लागत सहभागिता अनिवार्य गरिनेछ ।

६१. वडा नं. ६ मा रहेको कृषि उपज सङ्कलन केन्द्र र हाटबजारलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

## सामाजिक विकास सम्बन्धी नीतिः

### शिक्षाः

६२. नेपालको संविधान, प्रचलित ऐन, नियमावली, सङ्घीय र प्रादेशिक नीति, मापदण्ड, शिक्षाको सोचपत्र २०७९ र मरिण गाउँपालिकाको दशवर्षे शिक्षा योजनालाई आधार मानी मरिण गाउँपालिकाको शिक्षा विकास नीति अनुरूप गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शैक्षिक गुणस्तर सुधार कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६३. मरिण गाउँपालिकामा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रमको निरन्तरता र दिगोपनाका लागि ४ देखि १३ वर्ष उमेर समूहका सबै बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गरी पठनपाठनको व्यवस्था मिलाइनेछ। साथै, ४८ महिना पूरा गरेका सबै बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गराउने नीति अनुसार गाउँपालिका र समुदायद्वारा स्थापित बालविकास केन्द्रहरूलाई प्रदान गर्दै आएको सहयोगलाई निरन्तरता दिइनेछ।

६४. मरिण गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययन गरी SEE र कक्षा-८ को परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी र विद्यालयलाई पुरस्कृत र सम्मान गरिनेछ।

६५. शैक्षिक गुणस्तर अभिवृद्धि र शिक्षण प्रक्रियालाई थप प्रभावकारी बनाउन विगतमा प्रदान गर्दै आएको शिक्षण सिकाइ सहयोग अनुदान तथा बालविकास शिक्षक र विद्यालय कर्मचारीहरूको मनोबल उच्च राख्न दिईंदै आएको प्रोत्साहन अनुदानलाई निरन्तरता दिइएको छ। साथै, पोसाक भत्ता समेत उपलब्ध गराईनेछ ।

६६. सामुदायिक विद्यालयहरूमा विद्युतीय उपकरणको प्रयोग निरन्तर बढ्दै गएको र विद्यालयहरूको आन्तरिक आम्दानी न्यून रहेको अवस्थालाई दृष्टिगत गरी विद्युत महसुल भुक्तानीमा सहजता ल्याउन आवश्यक पहल गरिनेछ।

६७. शिक्षामा सबैको समान पहुँच सुनिश्चित गर्ने नीतिलाई आत्मसात् गर्दै मरिण गाउँपालिकामा स्थायी ठेगाना भएका अनाथ तथा द्वन्द्वपीडित परिवारका बालबालिकाहरूलाई बालविकास देखि कक्षा १२ सम्मको अध्ययनमा निरन्तरता दिन विगत आर्थिक वर्षहरूमा प्रदान गर्दै आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६८. शिक्षकहरूलाई प्रशासनिक रूपमा प्रधानाध्यापकप्रति र शैक्षिक रूपमा विद्यार्थी तथा अभिभावकप्रति उत्तरदायी बनाउँदै उनीहरूको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ। वार्षिक रूपमा उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकहरूलाई पुरस्कार प्रदान गरिनेछ भने सिकाइ उपलब्धिमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूलाई समेत सम्मान गरिनेछ। यस्तै, उत्कृष्ट विद्यालय व्यवस्थापन, उत्कृष्ट प्रधानाध्यापक तथा उत्कृष्ट शिक्षकलाई स्पष्ट मूल्याङ्कनका आधारमा पहिचान गरी प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ।

६९. मरिण गाउँपालिकाभित्रका विद्यालयहरूको शिक्षण सिकाइ पद्धतिलाई गुणस्तरीय, प्राप्य र प्रविधिमैत्री बनाउन सूचना तथा सञ्चार प्रविधि (ICT) मा आधारित बालकेन्द्रित पाठ्यक्रमलाई प्राथमिकता दिइनेछ। विद्यालय शिक्षालाई डिजिटल

प्रविधिसँग जोडेर शिक्षण सिकाइमा विद्यमान असमानता न्यूनीकरण गर्न र सबैको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न जोड दिइनेछ। साथै, विद्यालयको प्रशासनिक कार्य र अन्य कार्यालयहरूसँगको पत्राचारमा हस्तलिखित पत्रको प्रयोग अन्त्य गरी कम्प्युटराइज्ड पत्राचार प्रणाली लागू गरिनेछ।

७०. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अभिभावक, विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति, स्थानीय समाजसेवी, बुद्धिजीवी, राजनीतिक दल, स्थानीय सरकार, सहयोगी संघ-संस्था तथा अन्य सरोकारवालाहरूको प्रभावकारी सञ्चार, समन्वय र सहकार्यमा जोड दिइनेछ। समावेशी भौतिक संरचना निर्माण, शैक्षिक गतिविधिमा उत्कृष्टता र परिणाममुखी नतिजा हासिल गर्न **"स्कूल हाम्रोः बनाऔं राम्रो"** भन्ने अभियान सञ्चालन गरिनेछ।

७१. वडास्तरका विद्यालयहरूको शैक्षिक, प्रशासनिक र भौतिक व्यवस्थापनमा वडा समितिलाई जिम्मेवार र जवाफदेही बनाउन आवश्यक कानुन तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

७२. उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रोत्साहन गर्न छात्रवृत्ति, परामर्श र अवसरहरू प्रदान गरिनेछ । प्राविधिक विषय अध्यापन गर्न इच्छुक माध्यमिक विद्यालयहरूलाई आवश्यक भौतिक पूर्वाधार, तालिम र आर्थिक सहयोग उपलब्ध गराएर सक्षम बनाइनेछ । साथै, समाजमा बेरोजगार युवाहरूलाई पेशाप्रति आकर्षित गर्न र आत्मनिर्भर बनाउन व्यावसायिक सीप, उद्यमशीलता र नेतृत्व विकासमा केन्द्रित युवा सशक्तीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७३. कक्षा छाड्ने दर घटाउन, विद्यार्थीको टिकाउदर वृद्धि गर्न र उच्च मनोवलका साथ पठनपाठनमा संलग्न गराउन गाउँपालिकाद्वारा स्थापित विद्यालयहरू तथा समुदायमा आधारित बालविकास केन्द्रहरूमा अध्ययनरत विद्यार्थीहरूलाई प्रति विद्यार्थी प्रतिदिन १५ रुपैयाँका दरले दिवा खाजा अनुदान उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७४. महिला तथा बालबालिका शाखा, संघ-संस्थाहरू र शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग समन्वय गरी अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। अपाङ्गताको पुष्टि भएका विद्यार्थीहरूलाई आवश्यक सिकाइ सहायता सामग्री उपलब्ध गराउन पहल गरिनेछ। साथै, आधारभूत तहमा गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न दलित, अल्पसंख्यक, आर्थिक रूपले विपन्न र अपाङ्गता भएका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।

७५. सामुदायिक सिकाइ केन्द्रहरूलाई व्यवस्थित, प्रभावकारी र उद्देश्यमुखी बनाउन विशेष जोड दिइनेछ। सिकाइ केन्द्रहरूको औपचारिक, अनौपचारिक तथा जीवन अनुभवबाट प्राप्त ज्ञान र सीपलाई वर्गीकरण, परीक्षण र प्रमाणीकरण गर्ने नवीन पद्धतिको विकास गरिनेछ।

७६. गाउँपालिकाद्वारा मा.वि. मरिण खयरशालमा स्थापना गरिएको आवासीय विद्यालयको प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि विगतमा प्रदान गरिएको अनुदानलाई निरन्तरता दिइनेछ। तह तथा कक्षा घट्न गएका विद्यालयका बालबालिकाको शैक्षिक निरन्तरताका लागि मरिण खयरशालको आवासीय विद्यालयको छात्रावासमा बसेर अध्ययन गर्न प्रोत्साहन गरिनेछ।

७७. शिक्षक-विद्यार्थी अनुपातलाई आधार मानेर विद्यालयहरूमा आवश्यक दरबन्दी मिलान गरिनेछ । साथै, विद्यालयहरूको अवस्थिति, पहुँच, भौगोलिक अवस्था तथा विद्यार्थी संख्या लगायतका मापदण्डका आधारमा विद्यालय नक्साङ्कनको कार्य अगाडि बढाइनेछ ।

७८. माध्यमिक तह (कक्षा ९-१२) निःशुल्क शिक्षा कार्यक्रम अन्तर्गत विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयलाई दिइँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ । विद्यालयमा विद्यार्थी उपस्थिति दर वृद्धि गराउन पठनपाठन भएको दिन कम्तीमा ७५% विद्यार्थी हाजिर हुने विद्यालयलाई मात्र अनुदान प्रदान गरिने नीति यथावत राखिनेछ।

७९. गाउँपालिका भित्र सञ्चालित क्याम्पस र कलेजहरुको गुणस्तर सुधार र प्रविधि मैत्री शिक्षण-सिकाइ व्यवस्थापनका लागि विभिन्न कार्यक्रम सञ्चालनमा सहयोग गरिनेछ । मरिण बहुमुखी क्याम्पसमा पूर्णकालीन शिक्षक व्यवस्थापनका लागि विगतदेखि दिइँदै आएको अनुदान कायम राखिनेछ।

८०. माध्यमिक तहका सबै विषयहरु सर्वसुलभ, सहज र समान अवसरमा अध्यापन हुनेगरी विद्यार्थीहरुलाई विषय छनौटको अधिकार सुनिश्चित गरिनेछ। कक्षा ११-१२ मा विज्ञान विषय अध्यापनका लागि मरिण गाउँपालिकाका सम्भावित विद्यालयहरुमा आवश्यक सहयोग गर्ने नीति लिईनेछ ।

८१. आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा लगायत सबै परीक्षा प्रणालीलाई सुदृढ र पारदर्शी बनाइनेछ।

८२. आवश्यकता अनुसार विद्यालयमा पक्की भवन, छात्रामैत्री शौचालय, फर्निचर, खेलमैदान, घेरावेरा तथा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ। गैरसरकारी संघ-संस्थाहरुको सहयोग लिई विद्यालयमा स्वच्छता र सरसफाइको लागि विद्यालय स्वमूल्याङ्कन गरी तीन तारा प्रणाली अपनाउन अभिप्रेरित गरिनेछ।

८३. सरोकारवाला संघ-संस्थाको सहयोगमा विद्यालयमा जोखिम न्यूनीकरणका नमूना अभ्यास सञ्चालन गरिनेछ। विद्यालय सुधार योजनामा विद्यालय सुरक्षा योजना र STEAM शिक्षण पद्धति समावेश गरिनेछ।

८४. विपद् वा सङ्क्रामक महामारीको अवस्थामा पनि रेडियो पाठशाला जस्ता वैकल्पिक माध्यमबाट सिकाइ निरन्तरता सुनिश्चित गरिनेछ।

८५. मातृभाषाको प्रवर्द्धन एवं भाषिक कला संरक्षणका लागि मातृभाषामा शिक्षक तालिम, पाठ्यपुस्तक विकास र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। बहुभाषी कक्षामा मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्धति लागू गर्न विद्यालयलाई अभिप्रेरित गरिनेछ।

मरिण गाउँपालिका

८६. विद्यार्थीमा नैतिक आचरण र संस्कार विकासका लागि प्रत्येक विद्यालयमा बालक्लब, छात्रा सञ्जाल र स्काउट समूह गठन गरी सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ।

८७. विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि माध्यमिक तहका विद्यालयहरुमा कम्तीमा एक पटक गणित र विज्ञान प्रदर्शनी अनिवार्य गरिनेछ। साथै बालबालिकामा श्रमप्रति सम्मान र श्रम गर्ने बानी विकास गर्न सबै माध्यमिक विद्यालयमा करेसाबारी कार्यक्रम सञ्चालन गरिनेछ।

८८. कक्षाकोठा सुधार, चित्रात्मक भित्ते लेखन, लैङ्गिक मैत्री बसाइ व्यवस्था र STEAM अवधारणामा आधारित शिक्षण सिकाइलाई निरन्तरता दिइनेछ।

८९. करारमा शिक्षक र कर्मचारी नियुक्तिका लागि लिइने परीक्षाको खर्च गाउँपालिकाबाट व्यवस्थापन गरिनेछ। शिक्षक बैंक तयार गरी रिक्त पद पूर्तिका लागि आवश्यक कानुनी संशोधनको प्रक्रिया अघि बढाइनेछ।

९०. विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भित्र्याउन, विद्यालय छाड्ने दर कम गर्न र विद्यार्थीहरुको नियमितता अभिवृद्धि गर्न अभिभावकलाई सामाजिक परिचालक मार्फत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। सामाजिक परिचालकहरुको क्षमता अभिवृद्धि गरिनेछ।

९१. विद्यार्थीलाई आफ्ना रुचिअनुसार अतिरिक्त क्रियाकलाप तथा व्यक्तित्व विकासका अवसर प्रदान गरिने नीति लागू गरिनेछ।

९२. बालविकास शिक्षक, सहायक कर्मचारी र शिक्षकको पेशागत क्षमता विकासका लागि माग अनुसार विभिन्न तालिम सञ्चालन गरिनेछ।

९३. अध्ययनमा पछाडि परेका विद्यार्थीहरुलाई सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) अन्तर्गत रिमेडियल सपोर्ट प्रदान गर्ने कार्य निरन्तरता दिइनेछ।

९४. विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी र विद्यार्थीहरुका लागि व्यावसायिक आचारसंहिता लागू गरिनेछ।

९५. सघन अनुगमन र सुपरीवेक्षणमार्फत विद्यालयमा सुशासन र जवाफदेहिता अभिवृद्धि गरिनेछ। विद्यालय अनुगमनलाई कडाइका साथ व्यवस्थित र प्रभावकारी बनाइनेछ।

९६. गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ। सामुदायिक विद्यालयहरुलाई शैक्षिक नतिजाका आधारमा अनुदान उपलब्ध गराइने व्यवस्था गरिनेछ।

९७. स्नातकोत्तर वा सोभन्दा माथि योग्यता हासिल गर्ने मरिणवासी नागरिकहरुलाई प्रोत्साहन स्वरूप सम्मान गरिनेछ।

९८. गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, शिक्षक र सरोकारवालाले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउन आह्वान गरिनेछ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरी आम नागरिकमा विश्वस्तता, आकर्षण र भरोसा दिलाउने कार्य गरिनेछ ।

९९. व्यावसायिक आचारसंहिता निर्माण, बालकेन्द्रित र प्रविधिमैत्री पठनपाठन, अधिकार र कर्तव्य बोध गराइ शिक्षकको व्यक्तिगत, सामाजिक र पेशागत गुण अभिवृद्धि गरिनेछ। विद्यालय तहको शैक्षिक सुधार र गुणस्तर प्रत्याभूतिको लागि सबै शिक्षक तथा कर्मचारीको सहभागीता सुनिश्चित गर्दै शैक्षिक सम्मेलन आयोजना गरिनेछ।

१००. जीवनोपयोगी शिक्षा प्रदान गर्न आवश्यक आधार तयार गरी सामुदायिक विद्यालयका विद्यार्थीलाई महिनामा एक पटक व्यावहारिक ज्ञान दिने कार्यक्रम सञ्चालन गरिनेछ।

१०१. सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई विद्यालय व्यवस्थापन बाहेक पनि वार्षिक कार्यसमय (Working Hour) मा विद्यालयमा अनिवार्य उपस्थित रहने व्यवस्था कडाइका साथ लागू गरिनेछ।

१०२. गाउँपालिका भरिका विद्यालयहरुमा विद्यालय सञ्चालन, शिक्षण सिकाइ र परीक्षा प्रणालीमा एकरुपता कायम राख्न शैक्षिक क्यालेन्डर निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

१०३. प्रदेश सरकारको समन्वयमा **'एक विद्यालय एक नर्स'** कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

१०४. महिला शिक्षक तथा कर्मचारी प्रसूति विदामा रहँदा पनि वैकल्पिक शिक्षक/कर्मचारी व्यवस्थापन गरि विद्यार्थीको सिकाइ निरन्तरता सुनिश्चित गरिनेछ।

## युवा तथा खेलकुदः

१०५. युवाका आधारभूत अधिकार सुनिश्चित गर्दै स्थानीय सवाल र मुद्दाहरूलाई सम्बोधन गरी **"मरिण सरकारसँग युवा"** कार्यक्रम मार्फत युवाको सर्वाङ्गीण विकास र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ । युवा क्लबहरूको दर्ता, सहयोग, परिचालन र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१०६. प्रत्येक वडामा एक खेल मैदान निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ। वडा नं. ०४ को साहानमा निर्माणाधीन रंगशाला र वडा नं. ०६ को कवर्ड हललाई स्रोतसाधन सम्पन्न बनाइनेछ। क्रिकेट, फुटबल, भलिबल, एथलेटिक्स लगायतका खेल मैदानको स्तरोन्नति र सामग्री व्यवस्थापनमा जोड दिइनेछ।

१०७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादनका लागि प्रशिक्षण, खेलकुद सामग्री र बजेट व्यवस्थापन गरिनेछ। सबै विधाका खेल र खेलाडीलाई व्यावसायीकरण गर्न पहल गरिनेछ।

१०८. प्रत्येक वडामा महिला र पुरुष खेलाडी छनोट गरी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ। खेल प्रशिक्षक, रेफ्रीलगायत जनशक्ति उत्पादन र विद्यालयस्तरीय खेल शिक्षकको क्षमता विकास कार्यक्रम लागू गरिनेछ।

१०९. अध्यक्षकप रनिङ शिल्ड, मरिण गोल्डकप र राष्ट्रपति रनिङ शिल्डजस्ता प्रतियोगितालाई निरन्तरता दिइनेछ। पदक विजेता खेलाडी र खेल क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिलाई प्रोत्साहन र सम्मान गरिनेछ।

११०. खेलाडी स्वास्थ्य बीमा कार्यक्रम लागू गरिनेछ। अनुशासनहीन र नियम उल्लंघन गर्ने खेलाडीलाई कारबाही र प्रतिबन्धको व्यवस्था गरिनेछ।

१११. खेलप्रति युवामा सकारात्मक भावना जगाउन उत्प्रेरणमूलक कार्यक्रम र योग तथा व्यायामशाला स्थापना गरिनेछ। खेलकुद विकास समितिका सदस्यहरूबीच सद्भाव र अमनचयन कायम राख्न अवलोकन भ्रमणलाई प्राथमिकता दिइनेछ।

११२. गाउँपालिका र वडास्तरीय खेलकुद विकास समितिको कार्यालय सञ्चालन र स्रोत व्यवस्थापनमा जोड दिइनेछ।

**स्वास्थ्यः**

११३. गाउँपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरूलाई संघ र प्रदेश सरकारसँग समन्वय गरी सेवा क्षेत्रको आवश्यकता अनुसार औषधि, आधुनिक उपकरण र दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ। निःशुल्क वितरण हुने औषधिहरू स्वास्थ्य संस्था र विद्यालय नर्स कार्यरत स्कूलहरूबाट वर्षभरि सर्वसुलभ रूपमा उपलब्ध गराइनेछ ।

११४. प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटलाई १५ शैयाको आधारभूत अस्पतालमा स्तरोन्नति गरी २४ सै घण्टा आकस्मिक सेवा, प्रसूति शल्यक्रिया र विशेषज्ञ सेवाहरू प्रदान गर्न पूर्वाधार निर्माण र व्यवस्थापकीय कार्यलाई तीव्रता दिइनेछ । साथै, प्राथमिक आँखा उपचार, दन्त सेवा, र अन्य विशेषज्ञ सेवाहरू सञ्चालनका लागि पहल गरिनेछ।

११५. सामुदायिक स्वास्थ्य इकाई र वडा-स्तरका स्वास्थ्य संस्थाहरूको भौतिक संरचना सुदृढ गरिनेछ। बर्थिङ सेन्टरहरूमा आवासीय सुविधा र पर्याप्त मानव संसाधनको व्यवस्था कायम राखिनेछ। यस आर्थिक वर्षमा कार्तिके सामुदायिक स्वास्थ्य इकाईमा नयाँ बर्थिङ सेन्टर सञ्चालनमा ल्याइनेछ।

११६. खोप केन्द्र र गाउँघर क्लिनिकहरूको सञ्चालनलाई निरन्तरता दिँदै भौतिक र मानवीय स्रोतको व्यवस्थापन गरिनेछ । पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

११७. मातृ र शिशु मृत्युदर न्यूनीकरणका लागि दिगो विकास लक्ष्य २०३० लाई मध्यनजर राखी प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ। गर्भवती महिलाहरूलाई निःशुल्क एम्बुलेन्स सेवा र लैङ्गिक समानता अभिबृद्धि गर्न छोरीहरूप्रति सकारात्मक सामाजिक दृष्टिकोण विकासका लागि सञ्चालन गरिएको प्रोत्साहनमूलक कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

११८. पाठेघर र स्तन क्यान्सर स्क्रिनिङजस्ता प्रजनन स्वास्थ्य समस्याको पहिचान र उपचारका लागि सामुदायिक कार्यक्रमहरू सञ्चालन गरिनेछ। स्वैच्छिक परिवार नियोजन सेवाहरूलाई निरन्तरता दिइनेछ।

११९. एच.आई.भी./एड्स, यौनजन्य रोग, क्षयरोग, कुष्ठरोग, डेङ्गु, औलो, कालाजारजस्ता सङ्क्रामक रोगहरूको सचेतना, पहिचान, उपचार र न्यूनीकरणका लागि संघ-संस्थाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ । क्षयरोगमुक्त गाउँपालिकाको लक्ष्यलाई प्राथमिकता दिइनेछ ।

१२०. हावापानी, मौसम, र वातावरणजन्य कारणले फैलने महामारी रोगहरूको रोकथाम र नियन्त्रणका लागि आवश्यक कदम चालिनेछ । गैर-सङ्क्रामक रोगहरूको प्रवर्द्धन, रोकथाम र उपचारलाई निरन्तरता दिइनेछ।

१२१. ज्येष्ठ नागरिक, अशक्त र अपाङ्गता भएका व्यक्तिहरूका लागि सहज स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ। अति विपन्न नागरिकहरूको निःशुल्क बीमा सुविधालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१२२. बालमैत्री, अपाङ्गतामैत्री र किशोर-किशोरीमैत्री स्वास्थ्य संस्थाहरू निर्माण गरी सर्वसुलभ सेवा प्रदान गरिनेछ।

१२३. नेपाल सरकारको संशोधित दरबन्दीअनुसार दक्ष स्वास्थ्यकर्मीको व्यवस्थापन गरिनेछ। स्वास्थ्य स्वयंसेविकाहरूको योगदानलाई कदर गर्दै उनीहरूको क्षमता विकास, तालिम र प्रोत्साहन सुविधा प्रदान गरिनेछ।

१२४. स्वास्थ्यकर्मीहरूको नियमितता र सुरक्षाका लागि कपिलाकोट प्राथमिक स्वास्थ्य केन्द्र र अन्य स्वास्थ्य संस्थाहरुमा ई-हाजिरी र सीसीटीभी जडानलाई प्राथमिकता दिइनेछ।

१२५. अवैधानिक स्वास्थ्य संस्था, क्लिनिक र औषधि पसलहरूको नियमित अनुगमन र नियमन गरिनेछ। स्वास्थ्य संस्थाहरूलाई सूचना प्रविधिमैत्री बनाई केन्द्रीय सूचना प्रणालीमा तथ्याङ्क समयमै अद्यावधिक गरिनेछ।

१२६. एम्बुलेन्स सेवालाई प्रभावकारी बनाइनेछ । शव व्यवस्थापन र पोस्टमार्टम सेवालाई निःशुल्क र व्यवस्थित रूपमा सञ्चालन गरिनेछ। शववाहन व्यवस्थापनका लागि कदम चालिनेछ।

१२७. स्त्रीरोग, मुटुरोग, मृगौलारोग, आँखा रोगलगायतका विशेषज्ञ सेवाहरूका लागि संघ-संस्थाहरूसँग सहकार्य गरी स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ।

१२८. आत्महत्याको जोखिम कम गर्न मनोसामाजिक परामर्श सेवालाई सुदृढ गरिनेछ र स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धिका लागि विशेष तालिम सञ्चालन गरिनेछ।

१२९. धुम्रपान, मद्यपान र लागूपदार्थ दुरुपयोग न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा र स्वास्थ्यकर्मीहरूको क्षमता विकास तालिम सञ्चालन गरिनेछ । साथै, लागूपदार्थ दुरुपयोग नियन्त्रणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरी समुदायमा जनचेतना अभिवृद्धि र प्रभावकारी नियन्त्रणका उपायहरू अवलम्बन गर्ने नीति लिईनेछ ।

१३०. वडा नं. ०६ छाप बजारमा निर्माणाधीन आयुर्वेदिक भवनलाई नागरिक आरोग्य सेवा केन्द्रमा स्तरोन्नति गरिनेछ । आयुर्वेद औषधालयको आधुनिकीकरण र

सुदृढीकरण गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ। स्थानीय आवश्यकता अनुसार आयुर्वेद सेवाको प्रवर्द्धनमा जोड दिइनेछ।

१३१. जडिबुटी खेतीलाई प्राथमिकता दिँदै किसानलाई प्रोत्साहन र तालिम प्रदान गरिनेछ। स्थानीय जडिबुटीको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३२. ध्यान र योगाभ्यासलाई प्रवर्द्धन गर्न गाउँपालिकाले आवश्यक व्यवस्था मिलाउनेछ। आयुर्वेद, योग र ध्यानलाई एकीकृत गरी समुदायमा दिगो र प्राकृतिक स्वास्थ्य सेवाको आधार तयार गरिनेछ ।

**बहुक्षेत्रीय पोषणः**

१३३. सङ्घीय र प्रदेश सरकारको बहुक्षेत्रीय पोषण योजनालाई अपनत्व ग्रहण गरी गाउँपालिकाबाट स्रोत-साधन व्यवस्थापन गर्दै पोषणमैत्री, बालमैत्री, किशोरीमैत्री वडा र स्वास्थ्य संस्था घोषणाका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।

१३४. ५ वर्षमुनिका बालबालिका, किशोरी, गर्भवती र सुत्केरी महिलाको पोषण अवस्था सुधार गर्न कृषि, स्वास्थ्य, शिक्षा, खानेपानी, महिला तथा बालबालिका र स्थानीय शासन क्षेत्रसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

१३५. पोषणमैत्री शासन प्रवर्द्धन गर्न विषयगत शाखाहरूलाई पोषण-संवेदनशील बनाई योजना, बजेट र अनुगमन प्रणालीमा समाहित गरिनेछ।

१३६. लक्षित समुदायमा पोषण शिक्षा, व्यवहार परिवर्तन र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरी सामुदायिक सहभागिता सुनिश्चित गरिनेछ।

१३७. गर्भवती महिला, विद्यालय बाहिरका किशोरी र विपन्न समुदायको खाद्य सुरक्षा र पोषण सुधारका लागि आयआर्जन मूलक कार्यक्रम र सहकारी मार्फत अनुदान प्रदान गरिनेछ।

१३८. सुनौलो हजार दिनका परिवारमा खाद्य आत्मनिर्भरता कायम गर्न **"एक घर, एक करेसाबारी/कौसी खेती"** नीति अवलम्बन गरी पोषण-संवेदनशील कार्यक्रम सञ्चालन गरिनेछ।

१३९. पालिकास्तरीय पोषण प्रोफाइल तयार गरी पोषणमैत्री सूचकहरूमा आधारित कार्यक्रम सञ्चालन र अनुगमन गरिनेछ।

१४०. सबै स्वास्थ्य संस्थालाई पोषणमैत्री घोषणा गर्न विशेष कार्यक्रम सञ्चालन गरी पोषण-संवेदनशील वडा निर्माणमा जोड दिइनेछ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः**

१४१. लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति प्रभावकारी कार्यान्वयन गरिनेछ। नीति निर्माणमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै GESI लेखापरीक्षण र लैङ्गिक हिंसा निवारण कोष स्थापना निरन्तरता दिइनेछ।

१४२. शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी निवारण, जीविकोपार्जन, सामाजिक सुरक्षा र पूर्वाधारमा महिला लक्षित कार्यक्रम प्राथमिकतामा राखिनेछ। नेतृत्व र सीप विकासमा जोड दिइनेछ।

१४३. गरिब, विपन्न, दलित, आदिवासी जनजाति, एकल, अपाङ्गता भएका, हिंसापीडित, लैङ्गिक/यौनिक अल्पसंख्यक, एचआइभी सङ्क्रमित महिलाको आयआर्जन, क्षमता र नेतृत्व विकासका लागि समावेशी कार्यक्रम सञ्चालन गरिनेछ।

१४४. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत टोल-टोलमा वितरण गरिनेछ। एकल पुरुषलाई मासिक रु. २ हजार निर्वाह भत्ता उपलब्ध गराईनेछ ।

१४५. असहाय महिला, अनाथ बालबालिका, अपाङ्गता भएका व्यक्ति र हिंसापीडितको लागि सेफ हाउस र बाल पुनर्स्थापना केन्द्र सञ्चालन गर्न सङ्घीय/प्रदेश सरकारसँग समन्वय गरिनेछ।

१४६. आदिवासी जनजातिको मौलिक संस्कृति संरक्षणका लागि सङ्ग्रहालय निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ। समावेशी विकास परिषद् गठन गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१४७. शिक्षा, प्रविधि, सीपमा पहुँच अभिवृद्धि गरी आत्मनिर्भर बनाइनेछ। अशक्तमैत्री भौतिक संरचना निर्माण र सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

१४८. बालबालिका, लैङ्गिक अल्पसंख्यकको संरक्षण र समस्या समाधानका लागि सङ्घीय/प्रदेश सरकारसँग समन्वय गरिनेछ । सुरक्षित स्तनपान कक्ष विस्तार गरिनेछ।

१४९. लक्षित वर्गको सीप, नेतृत्व, प्रविधि हस्तान्तरण र सचेतना कार्यक्रम समावेशी ढङ्गले सञ्चालन गरिनेछ। निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

१५०. बेइजिङ घोषणा (सन् १९९५) को आधारमा लैङ्गिक समानता, महिला सशक्तिकरण, मानव अधिकार संरक्षण, भेदभाव उन्मूलन र १२ सरोकार क्षेत्रलाई प्राथमिकता दिई शिक्षा, स्वास्थ्य, रोजगारी, हिंसा निवारण, सामाजिक सुरक्षा, संस्कृति संरक्षण, र निर्णय प्रक्रियामा लक्षित समुदायको सहभागिता सुनिश्चित गर्दै कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

१५१. लैङ्गिक हिंसाबाट पीडित महिला र बालबालिकाको शारीरिक, यौनजन्य, मानसिक, मनोवैज्ञानिक, आर्थिक र सामाजिक असर सम्बोधन गर्न जिल्ला अस्पतालमा सञ्चालित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) लाई प्रभावकारी बनाउन आवश्यक सहयोग प्रदान गरिनेछ।

१५२. व्यवस्था परिवर्तनका लागि जीवन उत्सर्ग गर्ने सहिद परिवारका सदस्यहरूलाई सम्मान र सुरक्षित जीवनयापन सुनिश्चित गर्न मासिक रुपमा जीवन निर्वाह भत्ता उपलब्ध गराइनेछ।

**महिलाः**

१५३. महिला, किशोरी र लैङ्गिक/यौनिक अल्पसंख्यक विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद, शोषण र दुर्व्यवहार अन्त्य गर्न पहल गरिनेछ। मरिणलाई बालविवाह, बहुविवाहजस्ता नकारात्मक अभ्यासबाट मुक्त गराउन कडाइका साथ लैङ्गिक उत्तरदायी शासन र सामाजिक समावेशीकरण नीति कार्यान्वयन गरिनेछ।

१५४. हिंसा, बलात्कार प्रभावित महिला, किशोरी र बालबालिकाको लागि राहत, उद्धार, पुनर्स्थापना, निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श र सुरक्षित

वातावरण सुनिश्चित गरिनेछ। गलत आरोप र पुरुषमाथि अनुचित लाञ्छना लगाउन निरुत्साहित गर्न सहयोगी संयन्त्र विकास गरिनेछ।

१५५. महिला र गृहिणीको उद्यमशीलता र आर्थिक आत्मनिर्भरताका लागि सीप विकास, आयआर्जनमूलक तालिम र अर्थोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ। स्नातक तह उत्तीर्ण गरेर मात्रै विबाह गर्ने किशोरी र अविवाहित महिलालाई प्रोत्साहन रकम प्रदान गरिनेछ।

१५६. गाउँपालिका र वडास्तरीय किशोरी सञ्जालका लागि सचेतनामूलक र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। नारी दिवस, बाल दिवस, अपाङ्गता दिवस, लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान, र मानव अधिकार दिवसजस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५७. समावेशी र सहभागितामूलक गृहिणी सशक्तिकरण कार्यक्रम स्थानीय आवश्यकता अनुरूप सञ्चालन गरिनेछ। प्रदेश र सङ्घीय सरकारबाट प्राप्त अनुदान र साझेदारी योजनालाई प्राथमिकता दिई प्रभावकारी कार्यान्वयन गरिनेछ।

**बालबालिकाः**

१५८. बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। घर, समाज, र विद्यालयमा बालबालिकामाथि हुने दुर्व्यवहार, हिंसा, र शोषण अन्त्य गरी बालअधिकारको पूर्ण उपभोग सुनिश्चित गरिनेछ। बालक्लबहरूको अर्थपूर्ण सहभागितासहित निर्णय प्रक्रियामा समावेश गरिनेछ।

१५९. बालविवाह र बालश्रम न्यूनीकरणका लागि शून्य सहनशीलताको नीति अपनाई कडाइका साथ नियमन गरिनेछ। सरकारी/गैरसरकारी संस्थासँग समन्वय गरी होटल र व्यवसायलाई बालश्रममुक्त बनाउन पहल गरिनेछ। गाउँपालिकालाई बालविवाह र बालश्रममुक्त घोषणा गरिनेछ।

गाउँपालिका

१६०. गाउँपालिका र वडास्तरीय बालक्लबहरूको क्षमता अभिवृद्धि, व्यवस्थापन, र दिगोपनाका लागि निरन्तर सहयोग प्रदान गरिनेछ। समुदाय र विद्यालयमा शारीरिक/मानसिक हिंसाविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१६१. अनाथ, असहाय, टुहुरा, अपाङ्गता भएका, हिंसापीडित, र सडक बालबालिकाको उद्धार, संरक्षण, र पुनर्स्थापनाका लागि सङ्घीय/प्रदेश सरकारसँग समन्वय गरिनेछ। गाउँपालिकालाई सडक बालबालिका मुक्त बनाउन बालमैत्री र पोषणमैत्री कार्यक्रम प्राथमिकतामा राखिनेछ।

१६२. बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, र भावनात्मक विकासका लागि प्रत्येक वडामा कम्तिमा एक बालमैत्री खेलमैदान र आवश्यक खेल सामग्री व्यवस्थापन गरिनेछ। बालमैत्री पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ।

**ज्येष्ठ नागरिकः**

१६३. ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित, र व्यवस्थित बनाउन उनीहरूको ज्ञान, सीप, र अनुभवलाई मरिणको समृद्धिका लागि उपयोग गरिनेछ। ज्येष्ठ नागरिक सम्मान कार्यक्रम र विश्रामस्थल, भजन गृह, एवं उद्यान व्यवस्थालाई निरन्तरता दिइनेछ।

१६४. ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य जाँच, उपचार, र अन्य सेवामा छुट/सहुलियत प्रदान गरिनेछ। टोल-टोल वा सम्भव भए घर-घरमै स्वास्थ्य सेवा पुऱ्याउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१६५. ज्येष्ठ नागरिकलाई गाउँ कार्यपालिकाको सहायता कक्षमार्फत सहज सेवा प्रदान गरिनेछ। ज्येष्ठ नागरिक परिचयपत्र सहज रूपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१६६. ज्येष्ठ नागरिकको अनुभवलाई सम्पत्तिको रूपमा उपयोग गर्दै उनीहरूको प्रतिकूल स्वास्थ्य अवस्थालाई ध्यानमा राखी समावेशी र प्रभावकारी सेवा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

**दलितः**

१६७. गाउँपालिका क्षेत्रभित्र छुवाछूत र सामाजिक विभेद पूर्ण रूपमा अन्त्य गर्न सचेतनामूलक र प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१६८. दलित समुदायलाई आर्थिक र सामाजिक रूपमा सक्षम बनाउन सचेतना, सीप विकास र आयआर्जनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१६९. दलित समुदायको परम्परागत पेशा, कला र सीपको संरक्षण, सम्वर्द्धन, आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

## आदिबासी जनजातिः

१७०. आदिवासी जनजातिको सामाजिक र आर्थिक मूलप्रवाहीकरणका लागि तालिम, कोचिङ, सीप विकास र नेतृत्व विकास कार्यक्रमहरूमा समावेशी सहभागिता सुनिश्चित गरिनेछ।

१७१. आदिवासी जनजातिको भाषा, संस्कृति, परम्परा र पुख्यौंली सीपको संरक्षण, सम्वर्द्धन, र विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१७२. आदिवासी जनजातिको भाषा र लिपिको संरक्षण तथा विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

## अपाङ्गताः

१७३. अपाङ्गता भएका व्यक्तिको सहज, सम्मानपूर्ण र आत्मनिर्भर जीवन सुनिश्चित गर्न स्वरोजगार, रोजगारमूलक, सीप विकास, सहकारी र उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ । पूर्वी जनमुक्ति सेना र जनयुद्धका घाइते अपाङ्गलाई विशेष सम्मान कार्यक्रमद्वारा कदर गरिनेछ।

१७४. गाउँपालिकाका सबै भौतिक संरचना, स्थानीय सेवा र पूर्वाधार अपाङ्गतामैत्री बनाइनेछ। शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा उनीहरूको पहुँच सुनिश्चित गरिनेछ।

१७५. अपाङ्गता परिचयपत्र सहज र कार्यविधि अनुसार उपलब्ध गराइनेछ। अति अशक्तका लागि घर-घरमै स्वास्थ्य जाँच र परिचयपत्र वितरण गरिनेछ। नियमित तथ्याङ्क सङ्कलन र अद्यावधिक गरिनेछ।

१७६. अपाङ्गता भएका व्यक्तिको मानव अधिकार, समानता र समावेशीताको प्रत्याभूति गरिनेछ। योजना निर्माण प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

१७७. समुदायमा अपाङ्गता सम्बन्धी नकारात्मक धारणा अन्त्य गर्न जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ। अपाङ्गता भएका व्यक्तिको क्षमता विकास र सामाजिक पुनर्स्थापनालाई प्राथमिकता दिइनेछ।

१७८. अपाङ्गता भएका बालबालिका र महिलाका लागि विशेष लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

## युवा तथा रोजगारः

१७९. बेरोजगार व्यक्तिहरूलाई रोजगार सेवा केन्द्रमा सूचीकृत गरी आवेदन आह्वान गरिनेछ। केन्द्रलाई सुदृढ गर्दै स्थानीय विकास निर्माण योजनाहरूमा सूचीकृत बेरोजगारलाई प्राथमिकता दिइनेछ।

१८०. युवा रोजगारीका लागि रुपान्तरण पहल, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना र सङ्घ/प्रदेश सरकारका रोजगारमूलक कार्यक्रममा अपनत्व ग्रहण गरी रोजगारी सृजना गरिनेछ। न्यूनतम रोजगारीको प्रत्याभूति प्रदान गरिनेछ।

१८१. बैदेशिक रोजगारीबाट फर्केकाहरूको सीप पहिचान गरी स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ। राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) अनुसार बागमती प्रदेश सरकारसँग समन्वय गरी सीप परीक्षण र तालिमलाई प्राथमिकता दिइनेछ।

१८२. युवालाई प्राविधिक शिक्षा, सीपमूलक, र जीवनोपयोगी तालिम प्रदान गरी दक्ष, उद्यमशील र आत्मनिर्भर बनाइनेछ। सामूहिक व्यवसायका लागि अभिप्रेरित गरिनेछ।

१८३. युवालाई हिंसा, दुर्व्यसन, र अराजक प्रवृत्तिबाट मुक्त राख्दै विपद् व्यवस्थापन, सामाजिक विकास, वातावरण संरक्षण र खेलकुदमा स्वयंसेवकको रूपमा परिचालन गरिनेछ।

१८४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई जनमुखी बनाई युवाहरूको सहभागिता सुनिश्चित गरिनेछ।

१८५. संगठित उद्योगमा कार्यरत कामदारहरूका लागि नेपाल सरकारले तोकेको न्यूनतम ज्याला लागू गरिनेछ। सार्वजनिक पूर्वाधार र कृषि क्षेत्रबाट रोजगारी सृजनामा जोड दिइनेछ।

**लोपोन्मुख, सीमान्तकृत जाति/जनजातिः**

१८६. मरिण गाउँपालिकामा बसोबास गर्ने अति सीमान्तकृत थामी जातिको समग्र सामाजिक, आर्थिक र सांस्कृतिक विकासका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१८७. लोपोन्मुख र सीमान्तकृत जाति/जनजातिको जीवनस्तर उकास्न स्रोत-साधनमा पहुँच अभिवृद्धि र क्षमता विकासका लागि समावेशी नीति अवलम्बन गरिनेछ।

१८८. लोपोन्मुख र सीमान्तकृत जाति/जनजातिका युवालाई आत्मनिर्भर बनाउन व्यावसायिक तथा सीपमूलक तालिम प्रदान गरिनेछ।

**गैरसरकारी संघ/संस्थाः**

१८९. गैरसरकारी संस्थाहरूको दर्ता, नियमन र व्यवस्थापनका लागि नीतिगत व्यवस्था गरिनेछ। गाउँपालिकाको प्राथमिकता क्षेत्रमा परिचालन गरी पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गरिनेछ।

१९०. गैरसरकारी संस्थालाई विकास साझेदारको रूपमा स्थापित गर्दै उनीहरूका कार्यक्रमलाई गाउँपालिकाको वार्षिक योजनामा समावेश गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

१९१. गैरसरकारी संस्थाका कार्यलाई गाउँपालिकाको अनुगमन प्रणालीमा आबद्ध गरी गाउँपालिकाको नीति र कार्यक्रमलाई सहयोग पुग्ने खालका गतिविधिलाई प्राथमिकता दिई प्रभावकारी बनाइनेछ।

## खानेपानी तथा सरसफाईः

१९२. WASH PLAN को प्रभावकारी कार्यान्वयन गरी खानेपानी मुहानको दर्ता, संरक्षण र पानी परीक्षण मार्फत स्वच्छ र सफा खानेपानी उपलब्ध गराई नागरिकको स्वास्थ्य र नैसर्गिक हक सुनिश्चित गरिनेछ।

१९३. **"मरिणको पानी बरुणमा लगानी"** र **"एक घर एक धारा"** नारालाई कार्यान्वयन गर्न बरुण वृहत् खानेपानी आयोजना र वडा नं. ०१ को कोखाजोर लिफ्ट खानेपानी आयोजनालाई सङ्घीय/प्रदेश सरकारसँग समन्वयमा सञ्चालन गरिनेछ।

१९४. गैरसरकारी संस्थाहरूसँग सहकार्यमा खानेपानी साझेदारी कार्यक्रम सञ्चालन गरी स्वच्छ खानेपानीको सहज वितरण सुनिश्चित गरिनेछ।

१९५. गाउँपालिका अन्तर्गतका पुराना खानेपानी आयोजनाहरूको मर्मत-सम्भार गरी व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

१९६. खानेपानीको गुणस्तर मापनका लागि पालिका स्तरमा प्रयोगशाला सञ्चालन गरी प्रभावकारी बनाइनेछ। पानी परीक्षणका लागि थप किट व्यवस्थापन र WASH DESK को सुदृढीकरण गरिनेछ।

१९७. सङ्घीय र प्रदेश सरकारसँग समन्वयमा सरसफाइ स्वच्छता अभियान सञ्चालन गरिनेछ। सौचालय नभएका घरमा अनिवार्य सौचालय निर्माणका लागि प्रवर्द्धन र नियमन गरिनेछ।

१९८. NWASH Portal को अद्यावधिक, आवश्यक जनशक्ति परिचालन, र वास कोष व्यवस्थापन गरी खानेपानी, सरसफाइ, र स्वच्छता योजनालाई प्रभावकारी बनाइनेछ।

## भौतिक पूर्वाधार विकास सम्बन्धी नीतिः

१९९. **"सम्वृद्धिको आधारः प्राथमिकतामा दिगो पूर्वाधार"** नारालाई व्यवहारमा कार्यान्वयन गर्न मरिण गाउँपालिकाको भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखी एकीकृत र सुव्यवस्थित विकासका लागि वृहत् गुरुयोजना निर्माण गरिनेछ। प्राथमिकताका आधारमा वार्षिक योजनासँग तादाम्यता कायम गरी आयोजनाहरू छनोट गरी कार्यान्वयन गरिनेछ।

२००. पूर्वाधार निर्माणमा सार्वजनिक, निजी साझेदारी, सामुदायिक, सहकारी क्षेत्र र उपभोक्ता समितिको प्रभावकारी परिचालनलाई प्राथमिकता दिइनेछ। उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनामा कुल लागतको १० प्रतिशत हिस्सा उपभोक्ताले अनिवार्य व्यहोर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२०१. निर्मित पूर्वाधारको नियमित मर्मत सम्भार, सञ्चालन, संरक्षण र सम्वर्द्धनका लागि मर्मत सम्भार कोषलाई सुदृढ गरिनेछ।

२०२. गाउँपालिकाका महत्वपूर्ण गौरवका आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी आवश्यक बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याइनेछ।

२०३. गाउँपालिकाको सडकको वर्तमान अवस्था विश्लेषण गरी दिगो र भरपर्दो सडक पूर्वाधार विकासका लागि यातायात गुरुयोजना (MTMP) अद्यावधिक गरी कार्यान्वयन गरिनेछ।

२०४. **"हाम्रो मरिणः राम्रो मरिणः उज्यालो मरिण"** नारासहित सबै वडामा विद्युतीय पहुँच पुऱ्याउन संघीय सरकार, प्रदेश सरकार र सरोकारवालासँग समन्वय गरी सहकार्यमा अभियान अगाडि बढाइनेछ।

२०५. मरिण गाउँपालिकामा सञ्चालित पूर्वाधार निर्माण तथा विकास योजनाहरूको कार्यान्वयनमा मापदण्ड अनुरूपको गुणस्तर सुनिश्चित गर्न आवश्यक निर्माण सामग्री तथा कार्य प्रक्रिया परीक्षण गर्न सक्ने प्राविधिक प्रयोगशाला (टेक्निकल ल्याब) गाउँपालिकाकै व्यवस्थापनमा स्थापना गरिनेछ, साथै ल्याबको माध्यमबाट

योजनाको हरेक चरणमा प्रविधिमूलक परीक्षण, मूल्याङ्कन तथा अनुगमन गरी पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गरिनेछ।

**स्थानीय सडक, पुल तथा झोलुङ्गे पुलः**

२०६. **"सहज, सुरक्षित र भरपर्दो सडक यातायात सेवाको सुनिश्चितता"** भन्ने यस गाउँपालिकाको दीर्घकालीन सोचलाई साकार पार्न संघीय र प्रदेश सरकारसँग प्रभावकारी समन्वय, सहकार्य र साझेदारी कायम गरिनेछ। पालिका स्तरीय पक्की सडक निर्माण, स्तरोन्नति र व्यवस्थापन सम्बन्धी कार्यलाई प्राथमिकतामा राखि अगाडि बढाइनेछ ।

२०७. कपिलाकोट र महेश्वता बजार क्षेत्रमा तीव्र गतिमा बढ्दो सहरीकरणलाई व्यवस्थित गर्न कपिलाकोट-महेश्वता मरिण रिङरोड निर्माण कार्यलाई प्राथमिकतामा राखि वैकल्पिक मार्गहरूको विकास मार्फत सडक यातायातको पहुँच विस्तार गरिनेछ।

२०८. मरिण गाउँपालिका अन्तर्गतका ग्रामीण सडकहरूलाई बाह्रै महिना निर्वाध रूपमा सञ्चालन योग्य बनाउन नियमित मर्मत, स्तरोन्नति र दिगोपनाका लागि आवश्यक पहल गरिनेछ।

२०९. आगामी ५ वर्षभित्र गाउँपालिकाका सबै वडा कार्यालय केन्द्रसम्म पक्की सडक निर्माण सम्पन्न गरिनेछ। सडक निर्माणमा स्वदेशमा उत्पादित सिमेन्ट, ढुङ्गा, गिट्टी र बालुवाको अधिकतम उपयोग गरी स्थानीय स्रोतको प्रवर्द्धन र राजस्व वृद्धिमा योगदान पुर्‍याइनेछ। साथै, आल्मुनिय, युपिभिसि जस्ता सामग्रीहरुको सट्टा स्थानीय स्तरमै उत्पादित काठलाई विशेष प्राथमिकता दिइनेछ ।

२१०. कमलामाई नगरपालिकाको सिमाना घाँगर खोलादेखि बडिमुहान–साहान–भालुमारा खण्डमा पक्की सडक निर्माण कार्य संघ र प्रदेश सरकारसँगको समन्वयमा अगाडि वढाईनेछ ।

२११. गाउँपालिकाको यातायात सडक गुरुयोजनाले निर्दिष्ट गरेका सडकहरूको रेखाङ्कन, सीमाङ्कन र विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्राथमिकताका आधारमा क्रमशः निर्माण कार्य अगाडि बढाइनेछ। सडक यातायातलाई सहज र

आरामदायी बनाउन सडक छेउमा शौचालय सहितका प्रतीक्षालयहरू निर्माणलाई प्राथमिकता दिइनेछ।

२१२. सडक निर्माण र उपयोगमा वातावरणीय सन्तुलन कायम राख्न विशेष ध्यान दिइनेछ। प्रत्येक सडक परियोजनामा निश्चित रकम र संख्यामा बृक्षारोपण अनिवार्य गरिनेछ। साथै, हरित सहरको अवधारणालाई प्रोत्साहन गर्न सडक छेउमा यातायातमा असर नपर्ने गरी बृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ।

२१३. सडक पूर्वाधारलाई दिगो, भरपर्दो र टिकाउ बनाउन नयाँ सडक निर्माणमा ६०% संरचना निर्माण र ४०% ट्र्याक खोल्ने कार्यमा वजेट खर्च गरिनेछ। रु. ३ लाखभन्दा कम बजेटका योजनाहरूमा यो नीति लागू नहुने व्यवस्था गरिनेछ ।

२१४. स्थानीय रणनीतिक र कृषि सडकहरूको वर्गीकरण गरी सडक सञ्जाललाई व्यवस्थित र प्रभावकारी बनाइनेछ। आधुनिक कृषि प्रवर्द्धनका लागि कृषि सडक निर्माण र विद्युत लाइन विस्तारलाई विशेष प्राथमिकता दिइनेछ ।

२१५. आवश्यक स्थानहरूमा झोलुङ्गे पुलको पहिचान गरी सम्बन्धित निकायसँग समन्वय गरी झोलुङ्गेपुल निर्माणका लागि पहल गरिनेछ ।

२१६. वडा नं. ६ को भुताहादेखि वडा नं. ७ को देउजोरसम्म मदन भण्डारी राजमार्गको दायाँ–बायाँ सहायक मार्ग निर्माणका लागि सम्बन्धित निकायसँग समन्वय र पहल गरिनेछ। ठाँटी चोकदेखि नयाँबस्तीसम्म २० मिटर चौडाइको सडक मापदण्ड लागू गरी दायाँ-बायाँ १०/१० मिटरमा पैदल यात्री र साइकल लेन निर्माण गरिनेछ ।

२१७. ट्र्याक खोलिएका सडकहरूको स्तरोन्नति र मर्मत कार्यलाई प्राथमिकता दिइनेछ। मरिण गाउँपालिकाको पूर्वाधार विकास एकीकृत गुरुयोजनामा उल्लिखित सडक व्यवस्थापन योजनालाई कार्यान्वयनमा ल्याई विषयगत योजनाहरूलाई प्राथमिकताका आधारमा लागू गरिनेछ।

## भवन तथा सहरी विकासः

२१८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय भवन संहिता, २०६०, बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड, २०७२, भवन निर्माणको नमूना मापदण्ड, २०७१ तथा मरिण गाउँपालिकाको भवन निर्माण तथा सहरी विकास योजना मापदण्ड, २०८१ लाई पूर्णरूपमा पालना गराउँदै गाउँपालिका क्षेत्रभित्र भवन निर्माण कार्यलाई व्यवस्थित गरिनेछ। साथै, भवन निर्माण गर्दा अनिवार्य रूपमा आफ्नो जग्गामा कम्तीमा दुईवटा विरुवा रोप्नुपर्ने नीति अवलम्बन गरिनेछ।

२१९. निर्माण हुन बाँकी रहेको वडा नं. ०६ को कार्यालय भवन आगामी ३ वर्षभित्र निर्माण गरिनेछ। निर्माणाधिन वडा नं. ०१ को वडा कार्यालय भवन यस आर्थिक बर्षमा सम्पन्न गरिनेछ ।

२२०. तीव्र गतिमा भइरहेको सहरीकरणलाई व्यवस्थित गर्न गाउँ कार्यपालिकाबाट पूर्वअनुमति लिई मात्र जग्गा प्लटिङ गर्न दिइनेछ। ६ मिटरभन्दा कम सेटव्याक भएको साँघुरो बाटोमा जग्गा प्लटिङ गरेर बिक्री गर्न नपाइने नीति अवलम्बन गरिनेछ। भूमिको वर्गीकरण गरी आवास क्षेत्र तोकिएको स्थानमा मात्र भवन निर्माणको अनुमति दिने व्यवस्था गरिनेछ।साथै गत विगतमा निर्माण भई सकेका भवनको हकम भवन अभिलेखिकरण गरिनेछ ।

२२१. विकासोन्मुख सहरी क्षेत्रहरूमा सवारी पार्किङ समस्या समाधान गर्न वडा नं. ०६ स्थित धमिलेमा निःशुल्क रुपमा प्राप्त जग्गामा आगामी ३ वर्षभित्र आधुनिक बसपार्क निर्माण गरिनेछ। साथै, सार्वजनिक भवन तथा व्यापारिक कम्प्लेक्स निर्माण गर्दा अनिवार्य रूपमा नक्सामै पार्किङको व्यवस्था राख्नुपर्ने नीति कार्यान्वयन गरिनेछ।

२२२. मदन भण्डारी राजमार्ग दायाँ-बायाँ तथा अन्य सहरी बस्तीहरूमा एकरुपता कायम गर्दै **"मरिणको रहरः आकर्षक सहर"** भन्ने नारालाई मूर्त रूप दिइनेछ। भवन निर्माण गर्दा एउटै डिजाइन तथा रंगरोगनमा घर निर्माण गरिने नीति लागु गरिनेछ ।

२२३. मरिणको तीव्र सहरीकरणलाई ध्यानमा राखी व्यापार प्रवर्द्धनका लागि सम्भाव्यता अध्ययन गरी आधुनिक सपिङ्ग महल निर्माणको लागि पहल गरिनेछ ।

२२४. संघीय तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा मरिण गाउँपालिकाको पूर्वाधार विकास एकीकृत गुरुयोजना अनुरूप विकासका कार्यहरू अगाडि बढाइनेछ। सम्भावित अव्यवस्थित सहरीकरणलाई रोक्न योजना बनाइनेछ।

२२५. व्यवस्थित सहरीकरणको लागि भू–संरचनाको अवस्था बुझ्न Topographical Map तयार गरी संरचनागत योजना निर्माण तथा कार्यान्वयनका लागि आधार तयार गरिनेछ।

## विद्युत, संचार र सिंचाईः

२२६. हालसम्म केन्द्रीय प्रशारण लाइन नपुगेका बस्तीहरूमा सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्दै आगामी दुई वर्षभित्र प्रशारण लाइन पुऱ्याई मरिण गाउँपालिकाका सम्पूर्ण नागरिकलाई शतप्रतिशत विद्युत पहुँचको प्रत्याभूति गरिनेछ । साथै, मदन भण्डारी राजमार्गको दायाँबायाँ दुबै तर्फ विद्युत लाइन विस्तार कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाइनेछ ।

२२७. नवीकरणीय उर्जा प्रवर्द्धन, विद्युतीय चुलोको पहुँच अभिवृद्धि तथा एल.पि.जि. ग्यासको प्रयोगमा न्यूनीकरण गर्ने नीति तथा कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै, २० युनिटसम्मको व्यक्तिगत विद्युत महसुल संघीय सरकारसँगको समन्वयमा निःशुल्क उपलब्ध गराउने कार्य अघि बढाइनेछ ।

२२८. गाउँपालिकाले आफ्नै प्रयोजनका लागि खरिद गरिने सवारी साधनमा विद्युतीय सवारीलाई पहिलो प्राथमिकता दिइ विद्युतीय सवारी प्रयोगलाई प्रोत्साहित गरिनेछ । साथै, चार्जिङ स्टेशन लगायत आवश्यक पूर्वाधार निर्माणका लागि पहल गरिनेछ ।

२२९. सूचना प्रविधिको पहुँच विस्तार गर्न वडा नं. ०१ खलंगा, वडा नं. ०२ देउराली डाँडा, वडा नं. ०४ ठूलीदमार र कुडुले, वडा नं. ०५ आम्बास, वडा नं. ०६ कपिलाकोट स्थित कार्की डाँडा लगायतका स्थानहरूमा नेपाल टेलिकमको टावर

स्थापना कार्यलाई तीव्रता दिइनेछ । साथै, वाकी-टकी सञ्चारलाई व्यवस्थित गर्न वाकी-टकी बेस स्टेसन निर्माणको सम्भाव्यता अध्ययन सम्बन्धित निकायसँग समन्वयमा गरिनेछ ।

२३०. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना, मझौला तथा ठूला सिंचाइ योजनाहरू सञ्चालन गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ । आधुनिक सिंचाइ प्रविधिहरू गाउँपालिकामा भित्र्याइने र किसानको पहुँचमा पुर्याइनेछ ।

२३१. मरिण गाउँपालिका वडा नं. ०७ को जरायोटार–देउजोर खोला दोभानमा मुहान बनाई मरिण खोलाको पानीबाट वडा नं. ०६ भुताहा क्षेत्रसम्म सिंचित गर्ने योजना अन्तर्गत उक्त योजना अनुसार वृहत् सिंचाइ कुलो निर्माण कार्य लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिः

### वन, वातावरण तथा भू-संरक्षणः

२३२. सामुदायिक वन उपभोक्ता समूहसँग सहकार्य गरी वन विनाश नियन्त्रण, वृक्षारोपण, डडेलो नियन्त्रण, चरिचरण व्यवस्थापन लगायतका वन संरक्षण तथा समृद्धिकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२३३. प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) अनुसार तोकिएको क्षेत्र बाहेक अन्य स्थानहरूबाट ढुंगा, गिट्टी, बालुवा लगायतका खनिज उत्खननमा रोक लगाइनेछ ।

२३४. गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै प्रकारका वन क्षेत्रको कुशल व्यवस्थापन, संरक्षण तथा नियमनका लागि स्थानीय वन ऐन, २०७६ खारेज गरी वन ऐन, २०८१ कार्यान्वयनमा ल्याइनेछ ।

२३५. राष्ट्रिय राजमार्गको दायाँ–बायाँ क्षेत्रमा वृक्षारोपण कार्यलाई निरन्तरता दिई सडकको सौन्दर्यता अभिवृद्धि गर्ने र हरियाली वातावरण निर्माण गरिनेछ ।

२३६. लालिगुराँसका लागि उपयुक्त हावापानी भएको क्षेत्रमा यसको वृक्षारोपण तथा संरक्षण कार्य गरिनेछ । साथै, प्राकृतिक रूपमा वृद्धि भएका विरुवाहरूको संरक्षणका लागि विशेष नीति अपनाइनेछ ।

२३७. मरिण गाउँपालिका, वडा नं. ०४, साहानमा राष्ट्रिय गौरवको योजनाको रूपमा स्थापना हुन लागेको बधशाला तथा मासु प्रशोधन उद्योगलाई प्राविधिक वातावरणीय अध्ययन अनुसार फोहोर व्यवस्थापन, पानी शुद्धीकरण, वायु प्रदूषण नियन्त्रण र हरियाली प्रवर्द्धनजस्ता विशेष कार्यक्रम सञ्चालन गर्न उक्त उद्योगसँग समन्वय गरिनेछ ।

## विपद् व्यवस्थापनः

२३८. **"नसोधी नवोली आउँछ, प्रकृतिको विपद्-उठौं, जागौं, जोगाऔं जीउधन र सम्पदा"** भन्ने मूल नारालाई मार्गदर्शक सिद्धान्तका रूपमा ग्रहण गरी विपद् पूर्वतयारीलाई संस्थागत र समावेशी रूपमा अगाडि बढाइनेछ। सचेतना, अभ्यास, पूर्वसूचना तथा स्थानीय स्रोत साधनको अधिकतम उपयोग मार्फत विपद् जोखिम न्यूनीकरणमा विशेष जोड दिइनेछ।

२३९. गाउँपालिकामा स्थापित आकस्मिक कार्यसञ्चालन केन्द्र र प्रारम्भिक सूचना प्रणालीलाई आधुनिक प्रविधि, जनशक्ति र पूर्वाभ्यास मार्फत स्तरीय बनाउँदै जिल्ला, प्रदेश तथा संघ सरकारसँग समन्वय गरी एकीकृत सूचना तथा प्रतिकार्य सञ्जालको रूपमा विस्तार गरिनेछ।

२४०. स्थानीय जोखिमको पहिचान, स्रोतको मूल्यांकन र समुदायको सहभागितामा आधारित ५ वर्षीय समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिनेछ। योजना कार्यान्वयनलाई संस्थागत, चरणबद्ध र परिणाममुखी बनाइनेछ।

२४१. गाउँपालिका तथा वडास्तरीय विपद् व्यवस्थापन समितिहरूलाई नीति, योजना, उद्धार, राहत तथा पुनःस्थापनाका सबै चरणमा सशक्त तुल्याउन आवश्यक तालिम, अभ्यास, अभ्यासपूर्व कार्यक्रम र अनुभव आदान-प्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२४२. विपद् व्यवस्थापन कोषलाई स्पष्ट नीति, पारदर्शी वित्तीय प्रक्रिया र प्रभावकारी निगरानी संयन्त्रसहित व्यवस्थित गरिनेछ। विपद्का सबै चरणमा आवश्यक तत्कालीन वित्तीय पहुँच सुनिश्चित गर्दै यस कोषलाई सक्षम र विश्वसनीय बनाइनेछ।

**फोहोरमैला व्यवस्थापनः**

२४३. मरिण गाउँपालिका वडा नं. ३ को भालुमारामा स्थायी ल्याण्डफिल्ड साइट निर्माणको लागि ठेक्का प्रकृया मार्फत निर्माण कार्य अगाडि बढाइएको छ । उक्त ल्याण्डफिल्ड साईट निर्माण कार्य DPR बमोजिम सम्पन्न गर्न संघ तथा तथा प्रदेश सरकारसँग समन्वय गरी अगाडि वढाउन पहल गरिनेछ ।

२४४. टोल सुधार समितिहरूलाई थप सक्रिय बनाई संघ-संस्थासँगको सहकार्यमा फोहोरमैला व्यवस्थापन सम्बन्धी विविध जनचेतना र सरसफाइ अभियानहरू सञ्चालन गरी सफा र सुन्दर गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

२४५. कुहिने र नकुहिने फोहोरलाई घरमै छुट्याई नकुहिने फोहोर गाउँपालिकाले संकलन गरी ल्याण्डफिल्ड साइटसम्म पुर्याउने व्यवस्था मिलाइनेछ । साथै, कुहिने फोहोरको घरमै व्यवस्थापन गर्न समुदायस्तरमा जनचेतना अभिवृद्धि गरिनेछ ।

२४६. फोहोरमैला व्यवस्थापनका लागि गाउँपालिकाले निर्धारण गरेको सेवा शुल्क आगामी आर्थिक वर्षदेखि टोल विकास संस्थाको सहयोगमा संकलन गरिने व्यवस्था लागू गरिनेछ ।

२४७. गाउँपालिका क्षेत्रका विभिन्न सार्वजनिक स्थानहरू र विद्यालयहरूमा डस्टबिनको व्यवस्था गरी फोहोरमैला व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

२४८. गाउँपालिका भित्रका बजार क्षेत्रहरूमा सार्वजनिक शौचालय निर्माणलाई प्राथमिकता दिइनेछ । निर्माण भइसकेका शौचालयहरूको मर्मत सम्भार र सरसफाइ गरी सञ्चालनमा ल्याइनेछ ।

## जलवायु परिवर्तनः

२४९. जल तथा मौसमसम्बन्धी जानकारीको संकलन तथा विश्लेषण गर्दै मरिण गाउँपालिकाको जल स्रोतको दीर्घकालीन संरक्षण र उपयोगका लागि एकीकृत जलाधार व्यवस्थापन योजना तयार गरिनेछ ।

२५०. वातावरणीय सन्तुलन कायम राख्न सार्वजनिक स्थानहरूमा समि, वर, पिपलजस्ता अक्सिजन उत्पादनमा प्रभावकारी वृक्षहरूको रोप्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२५१. वातावरण प्रदूषण न्यूनीकरण गर्न नेपाल सरकारको नीति अनुसार विद्युत पुगेका क्षेत्रहरूमा परम्परागत चुल्होको सट्टामा विद्युतिय इन्डक्सन चुल्हो प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।

२५२. प्रत्येक वडामा कम्तिमा एकवटा पोखरी निर्माण गर्न प्रोत्साहन गरिनेछ । साथै, संघ-संस्थाको सहकार्यमा खानेपानी मुहान संरक्षण, खोल्सी तथा सिंचाइ कुलो निर्माण, गोठ सुधार लगायतका जलस्रोत तथा वातावरण अनुकूल कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२५३. विभिन्न संघ-संस्थासँगको सहकार्यमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न अनुकुलनमुखी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## जल उत्पन्न प्रकोप नियन्त्रणः

२५४. प्रत्येक वर्ष मरिण खोलाले ठुलो मात्रामा जनधन र कृषियोग्य जमिनको क्षति पुऱ्याउने अवस्थालाई मध्यनजर गर्दै संघीय तथा प्रदेश सरकारको सहयोगमा खोलाको दुवै किनारमा दीर्घकालीन तथा प्रभावकारी तटबन्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

२५५. गाउँपालिका भित्र रहेका विभिन्न खोला तथा खोल्सीहरूको कटान न्यूनिकरण र नियन्त्रणको लागि तारजाली खरिद गरिनेछ । सो कार्य सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५६. गाउँपालिकाको दक्षिणी भेगमा फैलिएको चुरे क्षेत्रको संरक्षणका लागि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सहित चुरे संरक्षणमा कार्यरत विभिन्न संघ-संस्थासँग समन्वय गरी संरक्षण कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।

२५७. स्थानीय सरकार, प्रदेश तथा संघीय सरकारका निकायहरू, सरोकारवाला संघ-संस्थासँगको बहु-पक्षीय समन्वयमा खोलानाला व्यवस्थापन, कटान नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी परियोजनाहरू सञ्चालन गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिः

### संगठनात्मक व्यवस्थापनः

२५८. कर्मचारी र जनप्रतिनिधिको मनोबल उच्च राख्न तालिम, प्रशिक्षण, अभिमुखीकरण र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। कार्यकुशलतामा आधारित पुरस्कार, निवृत्तिभरण, अवकाश कोष, उपदान र बिमा कोष स्थापना गरी कर्मचारीलाई उत्प्रेरित गरिनेछ।

२५९. "मरिण गाउँपालिकाको सुशासनका आधारः उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता र सदाचार" नारालाई आत्मसात् गर्दै सेवा प्रवाहलाई नतिजामुखी, पारदर्शी र आर्थिक अनुशासनयुक्त बनाइनेछ । उपभोक्ता राय सर्वेक्षणका सुझावलाई कार्यान्वयन गरी सुशासन प्रवर्द्धन गरिनेछ।

२६०. वैदेशिक पलायन रोक्न निःशुल्क लोकसेवा र शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ । साथै, एस.ई.ई. उत्तीर्ण विद्यार्थीलाई प्राविधिक सीप विकासका लागि निःशुल्क कम्प्युटर तालिम प्रदान गरिनेछ।

२६१. "जनता सुखीः हामी खुसी" नारालाई साकार पार्न सेवा प्रवाहलाई चुस्त, दुरुस्त, जनमैत्री र विधिसम्मत बनाइनेछ । एकद्वार प्रणाली, विद्युतीय नागरिक वडापत्र र क्षतिपूर्तिसहितको वडापत्र लागू गरिनेछ।

२६२. सेवा प्रवाहलाई नतिजामुखी बनाउन विद्युतीय शासन अवलम्बन गरिनेछ । प्रशासनिक प्रक्रियालाई सरलीकृत गर्दै एकीकृत सेवा केन्द्र विस्तार र सबै वडालाई गाउँपालिकाको सञ्जालमा जोडिनेछ।

२६३. प्रत्येक वडामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२६४. हरेक वडामा गुनासो सुनुवाइ र मोबाइल गभर्नेन्सको व्यवस्था गरिनेछ। सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, नागरिक सुनुवाइ र अन्तरनिकाय समन्वयलाई गुणस्तरीय बनाइनेछ।

२६५. ऐन, कानून, कार्यविधि र नियमावलीलाई समयानुकूल परिमार्जन गरिनेछ। जनशक्ति आवश्यकता विश्लेषण गरी संगठन संरचना सुधार र O&M अद्यावधिक गरिनेछ।

२६६. खर्च प्रणालीलाई पारदर्शी बनाई पूँजीगत खर्चको अनुपात बढाइनेछ। विद्युतीय सुशासनमार्फत जवाफदेहिता र उत्तरदायित्व प्रवर्द्धन गरिनेछ।

२६७. सेवा प्रवाहको औचित्यता, प्रभावकारिता र गुणस्तर मापन गर्न नियमित अनुगमन, नियमन र पृष्ठपोषणलाई प्रभावकारी बनाइनेछ।

**राजश्व तथा वित्तीय व्यवस्थापन नीतिः**

२६८. करका सम्भाव्य क्षेत्रहरूको पहिचान गरी राजस्व सुधार योजना प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।

२६९. सेवा प्रदायक, व्यवसाय र घर भाडामा दिने व्यक्तिको विवरण संकलन गरि करको दायरा बढाइनेछ । कृषि, पर्यटन, वन उत्पादन लगायत क्षेत्रबाट लिइने सेवा कर वा रोयल्टी मार्फत राजस्व वृद्धि गरिनेछ ।

२७०. “हामीले तिर्ने करः मरिणको विकासको लागि भर” भन्ने नाराका साथ करदाता साक्षरता अभियान, सेमिनार, सूचना प्रवाह तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२७१. कर प्रणाली सरल, सहज, पारदर्शी र प्राविधिमार्फत चुहावटरहित बनाई करदातामैत्री सेवा प्रणालीको विकास गरिनेछ । महिला उद्यमी तथा व्यवसायीलाई व्यवसाय कर छुटको विशेष नीति अवलम्बन गरिनेछ ।

२७२. आर्थिक रुपमा विपन्न नागरिकलाई सिफारिस दस्तुरमा छुट दिई करको भार सहुलियतपूर्वक व्यवस्थापन गर्दै समावेशी कर प्रणाली विकास गरिनेछ ।

२७३. करको शीर्षकअनुसार मितव्ययी तरिकाले कर संकलन गरिनेछ । अत्यावश्यक वाहेकका शीर्षकमा खर्च नियन्त्रण गर्दै स्रोतको उपयोगमा मितव्ययी नीति अवलम्बन गरिनेछ ।

२७४. आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरी आर्थिक अनुशासन कायम गरिनेछ । गाउँपालिकाको सबै प्रकारका चल-अचल सम्पत्तिको एकीकृत अभिलेख व्यवस्थापन गरिनेछ ।

२७५. विगत आर्थिक वर्षको वेरुजु नियमित, असुलउपर तथा फछ्र्यौट गरी राजस्व वृद्धि गरिनेछ ।

२७६. योजना तथा कार्यक्रम कार्यान्वयन स्थलमा सरोकारवालाको सहभागितासहित सार्वजनिक लेखापरीक्षण र सामाजिक परीक्षण प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।

२७७. करको दायरामा ल्याइएका करदातालाई कर तिर्ने संस्कृतिको प्रवर्द्धन स्वरूप सम्मान गरिनेछ । करसम्बन्धी जानकारी प्रदान गर्दै आत्मनिर्भरता हासिल गर्न करदाता शिक्षा कार्यक्रम सशक्त रुपमा सञ्चालन गरिनेछ ।

**न्यायिक समितिः**

२७८. न्यायिक समितिबाट सम्पादन गरिने सेवा प्रवाहलाई चुस्त, पारदर्शी र परिणाममुखी बनाइनेछ। यसका लागि इजलास सञ्चालनको कार्यतालिका तयार गरी नियमित न्यायिक छलफल गरिनेछ । बिदाको चापलाई ध्यानमा राखी दैनिक वा साप्ताहिक रूपमा इजलास सञ्चालनको व्यवस्था मिलाइनेछ।

२७९. न्यायिक समितिको कार्यक्षेत्रभित्र पर्ने विवादका प्रकृति र प्रक्रियाबारे जनस्तरमा व्यापक प्रचार-प्रसार गरिनेछ ।

२८०. फिराद पत्र, प्रतिउत्तर पत्र, संयुक्त निवेदन लगायतका न्यायिक कागजातहरूलाई लिपिबद्ध गर्ने कार्यलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यले

आवश्यक कानुनी ज्ञान, लेखन सीप र प्रक्रियागत दक्षता हासिल गर्न आवश्यक प्रशिक्षण, स्रोतसाधन तथा प्रविधिको समेत प्रयोग गरी प्रक्रियामा व्यावसायिकता र विश्वसनीयता सुनिश्चित गरिनेछ।

२८१. जरुरी परेको अवस्थामा विवाद समाधानको लागि सम्बन्धित स्थानमा तुरुन्तै पुगेर न्याय सम्पादन गर्नुपर्ने कार्यको लागि आवश्यक स्रोत र जनशक्तिको व्यवस्था गरिनेछ।

२८२. न्याय प्रणाली सुधार र विश्वासनीय बनाउने उद्देश्यले अध्ययन अनुसन्धानमा जोड दिइनेछ। साथै न्यायिक समितिका सदस्यहरूको क्षमता अभिवृद्धि तथा असल अभ्यासहरुको आदान-प्रदानका लागि अन्तरपालिका भ्रमण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

२८३. प्रत्येक वडामा मेलमिलाप कार्यकक्षको व्यवस्था गरिनेछ । मेलमिलापकर्ता हरूलाई आवश्यक तालिम, सुविधा र सम्मानजनक सेवा शर्तको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ । मेलमिलाप केन्द्रहरूलाई पूर्वाधार सहित क्रमिक रूपमा थप व्यवस्थित बनाइनेछ।

२८४. गरिब, असहाय तथा पछि परेका समुदायका लागि निशुल्क कानुनी परामर्श तथा सहायता उपलब्ध गराउने उद्देश्यले कानुनी आर्थिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

२८५. न्यायिक कार्यसम्पादनलाई कानुनी रूपले मजबुत बनाउने उद्देश्यले आवश्यक ऐन, नियमावली, कार्यविधि, मापदण्ड तथा निर्देशिकाको निर्माण, संशोधन तथा परिमार्जन गरिनेछ।

**अन्यः**

२८६. सिंहदरबारको अधिकार गाउँगाउँमा पुऱ्याउँदै मरिण गाउँपालिकालाई नागरिकको घरआँगनको सरकार बनाइनेछ । विपन्न नागरिकहरुको सुरक्षित आवासको पहुँच सुनिश्चित गर्न "मरिण गाउँपालिका अध्यक्ष विपन्न नागरिक सुरक्षित आवास" कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२८७. उद्योग वाणिज्य संघ मरिण शाखासँग समन्वय गरी गाउँपालिकाका विकासात्मक कार्य र क्रियाकलापमा निजी क्षेत्रको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

२८८. मरिण गाउँपालिका क्षेत्रभित्र सञ्चालित यातायात सेवाको अव्यवस्थालाई नियन्त्रण गर्न सरोकारवालासँग सहकार्य गरी व्यवस्थित, सुरक्षित र प्रभावकारी यातायात प्रणाली स्थापना गरिनेछ।

२८९. आर्थिक रूपले पछाडि परेका वर्ग र समुदायलाई उत्पादनमूलक कार्य र स्थानीय रोजगारीसँग जोडेर आत्मनिर्भर बनाउन "विपन्न वर्गसँग मरिण सरकार" अभियान सञ्चालन गरिनेछ ।

२९०. गाउँपालिकाको क्षमता अभिवृद्धि र समग्र विकासका लागि अन्तर्राष्ट्रिय मञ्चमा उपस्थिति जनाउँदै अन्तर्राष्ट्रिय संघ-संस्थाहरूसँग आवश्यकताका आधारमा भगिनी सम्बन्ध कायम गरी सहकार्य र फाइदा लिइनेछ।

२९१. मदन भण्डारी राजमार्गको मरिण खण्डमा मुआब्जा/क्षतिपूर्ति वितरणलाई तीव्रता दिई, सडक क्षेत्रभित्रका संरचना हटाउन कडाइ गरिनेछ। सडक डिभिजन कार्यालयसँग समन्वय गरी सडक सुरक्षा र सौन्दर्यता कायम गर्न ट्राफिक व्यवस्थापनमा सहयोग गरिनेछ।

२९२. अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार व्यक्तिका लागि सामाजिक सुरक्षा योजना प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। साथै, विकास कार्यमा अपनत्व बढाउन स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागिता मार्फत वृहत् जनश्रमदान अभियान सञ्चालन गरिनेछ।

२९३. बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन आवश्यक नीति तर्जुमा गरिने छ । बैदेशिक रोजगार सम्बन्धी सर्वेक्षणको माध्यमबाट समग्र पालिकाको अवस्था झल्कने पार्श्वचित्र तयार गरि युवा लक्षित कार्यक्रम तथा बजेट तर्जुमाको आधार तयार गरिनेछ ।

२९४. सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको खातिर महान् १० बर्षे जनयुद्दमा आफ्नो अमूल्य जीवन आहुति दिनुहुने महान् सहिद शेरमान कुँवरको सम्मानमा

गौरीशंकर मा.वि. जयमंगललाई सहिद शेरमान कुँवर स्मृति मा.वि नामाकरण गरिनेछ ।

२९५. मरिण गाउँपालिकाको भूगोल, भौगोलिक अवस्थिति, जनसंख्या, बढ्दो सहरीकरण, सम्पादन गर्नुपर्ने कामको प्रकृति, कार्यबोझ एवं चाप, स्थानीय आवश्यकता तथा औचित्यताको आधारमा मरिण गाउँपालिकाबाट मरिण नगरपालिकामा स्तरोन्नतिका लागि आवश्यक पहल गरिनेछ ।

अन्तमा, मरिण गाउँपालिकाको समृद्धि र उन्नतिका लागि आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा अमूल्य योगदान पु¥याउने राजनीतिक दल, नागरिक समाज, जनप्रतिनिधि, कर्मचारी र सम्पूर्ण सरोकारवालाहरूप्रति हृदयदेखि कृतज्ञता र हार्दिक आभार प्रकट गर्दछु ।

धन्यबाद ।

**विमर्श मुक्तान**
**अध्यक्ष**
**मरिण गाउँपालिका, सिन्धुली**

मरिण गाउँपालिका

## मरिण गाउँपालिका

## आ.व. २०८१/८२

### आय अनुमान

| क्र.सं. | आम्दानी शीर्षक | अनुमानित आय (रु.) | कैफियत |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | १०८,७००,०००.०० | |
| २ | नेपाल सरकार राजश्व बाँडफाँड | ११५,००२,०७७.०० | |
| ३ | नेपाल सरकार सशर्त अनुदान चालु | २३०,६००,०००.०० | |
| ४ | नेपाल सरकार सशर्त अनुदान पुँजीगत | ८०,७००,०००.०० | |
| ५ | नेपाल सरकार विशेष अनुदान | ३९,५००,०००.०० | |
| ६ | नेपाल सरकार समपुरक अनुदान | ९,७००,०००.०० | |
| ७ | प्रदेश सरकार समानीकरण अनुदान | १०,०४५,०००.०० | |
| ८ | प्रदेश सरकार बाँडफाँड | ४६,२८८,०२३.१६ | |
| ९ | प्रदेश सरकार सशर्त अनुदान चालु | १९,९८९,०००.०० | |
| १० | प्रदेश सरकार सशर्त अनुदान पुँजीगत | २,५००,०००.०० | |
| ११ | प्रदेश सरकार समपुरक अनुदान | २४,०००,०००.०० | |
| १२ | प्रदेश सरकार विशेष अनुदान | ६,५००,०००.०० | |
| १३ | आन्तरिक आय | ५१,३५४,६९९.८४ | |
| १४ | स्थानीय राजश्व बाँडफाँड | ९,०००,०००.०० | |
| १५ | अल्या | ७,५००,०००.०० | |
| | जम्मा | ७६१,३७८,८००.०० | |

### व्याय अनुमान

| क्र.सं. | खर्च शीर्षक | गाउँपालिका | नेपाल सरकार | प्रदेश सरकार | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चालु | २२०,७५७,८००.०० | २७०,१००,०००.०० | १९,९८९,०००.०० | ५१०,८४६,८००.०० | |
| २ | पुँजीगत | १२७,१३२,०००.०० | ९०,४००,०००.०० | ३३,०००,०००.०० | २५०,५३२,०००.०० | |
| | जम्मा | ३४७,८८९,८००.०० | ३६०,५००,०००.०० | ५२,९८९,०००.०० | ७६१,३७८,८००.०० | |

### क्षेत्रगत वजेट व्याय अनुमान

| क्र.सं. | विषयगत क्षेत्र | गाउँपालिका | नेपाल सरकार | प्रदेश सरकार | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| **१** | **आर्थिक विकास** | **२४,६५६,०००.००** | **२२,९००,०००.००** | **५,५००,०००.००** | **५३,०५६,०००.००** | |
| १.१ | कृषि | ३,८००,०००.०० | २१,५००,०००.०० | ५,०००,०००.०० | ३०,३००,०००.०० | पशुपंक्षी समेत |
| १.२ | पशुपंक्षी विकास | २,४००,०००.०० | - | ५००,०००.०० | २,९००,०००.०० | |
| १.३ | उद्योग तथा वाणिज्य | १,८००,०००.०० | १,४००,०००.०० | - | ३,२००,०००.०० | |
| १.४ | पर्यटन | ३,५५६,०००.०० | - | - | ३,५५६,०००.०० | |
| १.५ | सहकारी | २,८००,०००.०० | - | - | २,८००,०००.०० | |
| १.६ | भूमि व्यवस्था | १,७००,०००.०० | - | - | १,७००,०००.०० | |
| १.७ | जलश्रोत तथा सिंचाई | ८,६००,०००.०० | - | - | ८,६००,०००.०० | |
| **२** | **पूर्वाधार विकास** | **६८,४८४,०००.००** | **११,७००,०००.००** | **२९,५००,०००.००** | **१०९,६८४,०००.००** | |
| २.१ | स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल | ३३,८३०,०००.०० | २,०००,०००.०० | ५,५००,०००.०० | ४१,३३०,०००.०० | |
| २.२ | भवन, आवास तथा सहरी विकास | १३,४५४,०००.०० | - | - | १३,४५४,०००.०० | |
| २.३ | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | १,९००,०००.०० | - | - | १,९००,०००.०० | |
| २.४ | समपूरक कोष | १७,८००,०००.०० | ९,७००,०००.०० | २४,०००,०००.०० | ५१,५००,०००.०० | |
| २.५ | पुनर्निर्माण | १,५००,०००.०० | - | - | १,५००,०००.०० | |
| **३** | **सुशासन तथा संस्थागत विकास** | **१०,७०७,८५०.००** | **२०,०००.००** | **-** | **१०,७२७,८५०.००** | |
| ३.१ | संस्थागत क्षमता विकास | ८,२०७,८५०.०० | २०,०००.०० | - | ८,२२७,८५०.०० | |
| ३.२ | कानून तथा न्याय | १,०००,०००.०० | - | - | १,०००,०००.०० | |
| ३.३ | योजना तर्जुमा तथा कार्यान्वयन | १,५००,०००.०० | - | - | १,५००,०००.०० | |
| **४** | **वातावरण तथा विपद् व्यवस्थापन** | **१४,६००,०००.००** | **-** | **-** | **१४,६००,०००.००** | |
| ४.१ | बातावरण तथा जलवायु | ७००,०००.०० | - | | ७००,०००.०० | |
| ४.२ | जल उत्पन्न प्रकोप नियन्त्रण | ८,४००,०००.०० | - | | ८,४००,०००.०० | |
| ४.३ | विपद् व्यवस्थापन | ५,५००,०००.०० | - | | ५,५००,०००.०० | |
| **५** | **सामाजिक विकास** | **९४,८५३,७५०.००** | **३०४,५२२,०००.००** | **१७,६५८,०००.००** | **४१७,०३३,७५०.००** | |
| ५.१ | सामाजिक सुरक्षा तथा संरक्षण | ७,५५०,०००.०० | ७,५२२,०००.०० | ५४६,०००.०० | १५,६१८,०००.०० | |
| ५.२ | युवा तथा खेलकुद | ११,२१०,०००.०० | - | | ११,२१०,०००.०० | |
| ५.३ | खानेपानी तथा सरसफाई | १५,०६७,०००.०० | - | ९,०००,०००.०० | २४,०६७,०००.०० | |
| ५.४ | भाषा तथा संस्कृति | ५,५००,०००.०० | - | | ५,५००,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.५ | शिक्षा | ३८,१९१,७५०.०० | २०९,७००,०००.०० | ४,११२,०००.०० | २५२,००३,७५०.०० | |
| ५.६ | स्वास्थ्य | १३,१३५,०००.०० | ८७,३००,०००.०० | ४,०००,०००.०० | १०४,४३५,०००.०० | |
| ५.७ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ४,२००,०००.०० | | | ४,२००,०००.०० | |
| **६** | **कार्यालय संञ्चालन तथा प्रशासनिक** | **१३४,५८८,२००.००** | **२१,३५८,०००.००** | **३३१,०००.००** | **१५६,२७७,२००.००** | |
| ६.१ | कार्यालय संञ्चालन तथा प्रशासनिक | १३४,५८८,२००.०० | २१,३५८,०००.०० | ३३१,०००.०० | १५६,२७७,२००.०० | |
| **जम्मा व्याय** | | **३४७,८८९,८००.००** | **३६०,५००,०००.००** | **५२,९८९,०००.००** | **७६१,३७८,८००.००** | |